मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily
www.emadheshdristi.com

संसद्को गतिरोध अन्त्य हुन्छः प्रधानमन्त्री



समाचार पृष्ठ ५ मा

वर्ष २ | अंक १७३ | २०८१ साल वैशाख ३१ गते सोमबार | Monday 13, May 2024 | सूर्योदयः बिहान ५:१८ बजे | सूर्यास्तः साँझ ६:४५ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## भारतको उपहार अध्यक्षको डेरामा





**सञ्जय मिश्रा**
**रौतहट ।**

तत्कालीन जोकाहा गाविस–९, हाल ईशनाथ नगरपालिकास्थित एक संस्थाले भारतीय दूतावासबाट उपहारस्वरुप लिएको एम्बुलेन्स विगत ३ वर्षदेखि दुरुपयोग गरेको पाइएको छ । भारतको गणतन्त्र दिवसका अवसरमा तत्कालीन जोकाहा गाविस–९ तथा हाल ईशनाथ नगरपालिकास्थित शान्ति युवा परिवारलाई तीन वर्षअघि एम्बुलेन्स प्रदान गरिएको थियो ।

गाउँका जनताको सुविधाका लागि प्राप्त एम्बुलेन्स संस्थाकै पदाधिकारीले गाउँमा नल्याइ जनकपुरमा राखेर कमाइखाने भाँडो बनाएको पाइएको हो । जिल्ला प्रशासन कार्यालय रौतहटमा २०६४ असोज १६ गते शान्ति युवा परिवारका नाममा ११४१ नम्बरमा दर्ता भएको र संस्थाको अध्यक्ष विश्वनाथ प्रसाद गुप्ता रहेको देखिएको छ ।

सीप विकास केन्द्र जनकपुर पिडारी चोक नमूना बस्तीमा कार्यरत संस्थाका अध्यक्ष गुप्ताले भारत सरकारबाट जोकाहाका लागि पाएको ना५च १४५३ नम्बरका एम्बुलेन्स आफैँ बसेको ठाउँ जनकपुरमै राखेर सञ्चालन गरी आर्थिक अनियमितता गर्दै आइरहेको एम्बुलेन्स चालक महासंघको दाबी छ ।

एम्बुलेन्सको गतिविधिबारे पटकपटक जिल्ला प्रशासन कार्यालय धनुषामा लिखित उजुरी दिँदा स्थानीय प्रशासनले पनि वास्ता नगरेको एम्बुलेन्स चालक महासंघका केन्द्रीय अध्यक्ष महाशंकर ठाकुरले गुनासो गरे ।

२०८० फागुन १५ गते २६ संस्थाको संयुक्त बैठकले स्थानीय बिरामीलाई सुरक्षित अस्पतालसम्म पुर्याउन जुन ठाउँको एम्बुलेन्स छ, एम्बुलेन्स त्यहीँ पठाउने जिल्ला प्रशासन कार्यालय धनुषामा निर्णय भएको थियो । तर निर्णयको महिनौँ बित्दा पनि कार्यान्वयन हुन नसकेको केन्द्रीय अध्यक्ष ठाकुरले गुनासो गरे । एम्बुलेन्स जनकपुरधाम, थापाचोकस्थित एक निजी घरको कम्पाउन्डमा पार्किङ गरिएको अवस्थामा फेला परेको उनको भनाइ छ । रौतहटका सिडिओ हीरालाल रेग्मीले कुनै पनि गैरसरकारी संघसंस्थाका नाममा आएका एम्बुलेन्स व्यक्तिगतरुपमा चलाउन नपाइने बताए । एम्बुलेन्सको अवस्थाबारे आवश्यक अनुसन्धान गरी कारबाहीको दायरामा ल्यायने सिडिओ रेग्मीले प्रतिवद्धता जनाए ।

## किन चाँडै फेरिन्छन् मधेशमा प्रहरी प्रमुखहरु ?

“

**बिचौलियासँग आर्थिक लेनदेन, तस्करी नियन्त्रणमा राम्रो भूमिका नखेलेको, सर्वसाधारणसँग राम्रो व्यवहार नगरेकोलगायतका उजुरी पटकपटक परेपछि उजुरीका आधारमा छानबिन गरी जिम्मेवारीबाट हटाइएको प्रहरी प्रधान कार्यालयको दाबी छ ।**

**मधेशदृष्टि**
**वीरगंज ।**

प्रहरी प्रधान कार्यालयले कार्यसम्पादनमा कमजोर देखिएका जिल्ला कमाण्डर प्रहरी प्रमुखलाई धमाधम कारबाही अघि बढाएको छ । तर प्रधान कार्यालयले गरेको कारबाहीमा भने धेरैजसो मधेशका जिल्ला प्रमुखहरु पर्ने गरेका छन् । यसको असर मधेशमा प्रमुख भएर आएका प्रहरी प्रमुखहरु कुनै पनि बेला सरुवाको कारबाहीमा परिरहेका छन् ।

पछिल्लो एक महिनामा कार्यसम्पादनमा कमजोरी देखिएका नौ जिल्लाका प्रहरी प्रमुख हेरफेर भएका छन् । उनीहरुलाई कारबाहीस्वरुप जिम्मेवारीमुक्त गरिएको हो । सोमबार मात्रै सिरहाका एसपी सन्तोष आचार्य र इलामका वासुदेव खतिवडालाई कारबाहीस्वरूप हटाइएका छन् ।

दुई साताअघि सिन्धुलीका एसपी विनोद शर्मालाई पनि जिम्मेवारीबाट हटाइएको थियो । त्यस्तै, एक महिनाअघि ६ जिल्लाका एसपीलाई कमजोर कार्यशैली र आर्थिक अनुशासनका आधारमा कारबाहीस्वरूप हटाइएको थियो ।

बाँकेका एसपी सुवासचन्द्र बोहरा, बाराका सुरेश काफ्ले, रौतहटका महेन्द्र श्रेष्ठ, सर्लाहीका दयानिधि ज्ञवाली, महोत्तरीका श्यामकुमार राई र धनुषाका मित्रबन्धु शर्माको विषयमा उजुरी बढेपछि उनीहरूलाई हटाइएको थियो ।

उनीहरुविरुद्ध बिचौलियासँग आर्थिक लेनदेन, तस्करी नियन्त्रणमा राम्रो भूमिका नखेलेको, सर्वसाधारणसँग राम्रो व्यवहार नगरेकोलगायतका उजुरी पटकपटक परेपछि उजुरीका आधारमा छानबिन गरी जिम्मेवारीबाट हटाइएको प्रहरी प्रधान कार्यालयको दाबी छ । यसरी चाँडै जिल्ला प्रमुख खोसिनेमा मधेशका प्रहरी प्रमुखहरु परेपछि मधेशमा आएका नयाँ प्रमुखहरुलाई पनि तनाव र दबाब बढेको देखिन्छ ।

# बदनामी कमाउँदै ‘जसपा सरकार’को बहिर्गमन

## एमाले, माओवादी, लोसपा र जनमतको मुख्यमन्त्रीमा रस्साकस्सी

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

चौथोपटक विश्वासको मत दिएका दिनदेखि नै प्रदेश सभासमेत सञ्चालनको हैसियत गुमाएको जनता समाजवादी पार्टी (जसपा) नेपाल पार्टीका सरोजकुमार यादव नेतृत्वको सरकार आइतबारदेखि अल्पमतमा परेको छ । अब सरकार बहिर्गमनको बाटोमा उभिएको छ ।

मधेश प्रदेश सरकारबाट सत्तारुढ दुई प्रमुख दल नेकपा एमाले र नेकपा माओवादी केन्द्र अलग भएपछि जसपा नेपाल नेतृत्वको सरकार पाँचौँपटक विश्वासको मत लिने या चुपचाप राजीनामा दिने अवस्थामा पुगेको हो । यादव नेतृत्व सरकारमा अब जसपा नेपाल र नेकपा एकीकृत समाजवादी मात्र समेटिएको छ ।

संघीय सरकारबाट जसपा नेपाल फिर्ता हुने तयारी गरिरहेको अवस्थामा आइतबार दिउँसो नेकपा एमाले र माओवादी केन्द्रका मन्त्रीहरुले राजीनामा दिँदै मधेश सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि राजनीतिक घटनाक्रम फरक ढंगले विकसित भएको हो । नेकपा एमाले र माओवादीबीच छलफल भएपछि समर्थन फिर्ता र मन्त्रीहरुको राजीनामा दिने सहमति बनेको हो । मुख्यमन्त्री सरोजकुमार यादवलाई भेटेर माओवादीबाट मन्त्री रहेका भरतप्रसाद साह र युवराज भट्टराईले राजीनामा बुझाए । भट्टराई उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री थिए भने अर्थमन्त्री दाबी गरिरहेका साह वन वातावरण मन्त्रीमा थन्क्याइएका थिए । उनले अर्थ मन्त्रालय नपाएपछि अन्य मन्त्रालयको जिम्मेवारी लिन अस्वीकार गर्दै आएका थिए ।

उनले मधेश प्रदेश सरकार भ्रष्टाचारमा लिप्त रहेको र सरकारलाई पटकपटक जनमुखी काम गर्न आग्रह गर्दासमेत सत्ता साझेदार दललाई समेत विश्वासमा नलिएर एकलौटी गर्न खोजेपछि आफूहरुले सरकार छाडेको साहको तर्क थियो । उनले जसपा नेतृत्वको सरकारले संघीयतालाई संस्थागत गर्न र मधेशमा भ्रष्टाचार मौलाएकामा न्यूनीकण गर्न खास ध्यान नदिएर संघीयताप्रति नै वितृष्णा हुने गतिविधि गरिरहेको आरोप लगाए । उनले भने, ‘हामीले मधेशी जनताको अपेक्षा पूरा गर्ने कार्य सरकारबाट नभएपछि मधेशी जनताको अधिकार र अपेक्षा पूरा गर्ने सरकार बनाउँछौ, यसतर्फ माओवादी अग्रसर भएको छ ।’ साहले अहिले सरकारलाई दिइएको समर्थन फिर्ता लिएर नयाँ सरकार बन्ने ढोका खोलेकाले सबै दलहरुसँग सहकार्य गरेर नयाँ सरकार बनाउने तयारीमा लाग्ने बताए । उनले अहिले नै यो दलको नेतृत्व भन्दा पनि सहमतिमा नेतृत्व टुंगो लगाउनेसमेत प्रष्ट पारे । साहले सरकारको नेतृत्वका विषयमा तत्काल कुनै सहमति नभएको र यस विषयमा छलफलबाट टुंगोमा पुगिने बताए ।

साहले माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि सरोज यादव नेतृत्वको सरकार अल्पमतमा परेको र मुख्यमन्त्रीले नैतिकताका आधारमा राजीनामा दिएर नयाा सरकार निर्माणको लागि बाटो खोल्नुपर्ने बताए । उनले भने, ‘सरकार अल्पमतमा परिसकेको छ बरु राजीनामा दिएर मार्ग प्रशस्त गर्दा वेश हुन्छ ।’

माओवादीका मन्त्रीहरुले राजीनामा दिएको केही समयपछि नै नेकपा एमालेका मन्त्रीहरुले समेत राजीनामा दिएर सरकारलाई दिइएको समर्थन फिर्ता लिएको थियो । मधेश सरकारमा सहभागी एमालेका ६ मन्त्री–राज्यमन्त्रीले मुख्यमन्त्री सरोजकुमार यादवलाई राजीनामा बुझाए भने प्रदेश प्रमुखको कार्यालयमा पुगेर समर्थन फिर्ताको पत्र बुझाए । एमालेबाट सरोजकुमार यादव भौतिक पूर्वाधार तथा विकास, राजकुमार लेखी गृह, सञ्चार तथा कानून, सत्रुघन सिंह स्वास्थ्य तथा जनसंख्या, प्रमोदकुमार जयसवाल शिक्षा तथा संस्कृति मन्त्री थिए । त्यस्तै, केशव राय स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री र शारदा थापा गृह, सञ्चार तथा कानून राज्यमन्त्री थिए ।

> सरकारको नेतृत्वका विषयमा तत्काल कुनै सहमति भएको छैन तर छलफलबाट टुंगोमा पुग्नेछौँ ।
> **– भरतप्रसाद साह,**
> संसदीय दलका नेता, माओवादी

> एमाले मधेश प्रदेशमा ठूलो दल भएकाले सरकारको नेतृत्वमा दाबी रहनेछ तर सहमतिमा टुंग्याउँछौँ ।
> **– सरोज यादव**
> संसदीय दलका नेता, एमाले

> जसपा नेपाल सरकारमा रहने अथवा छाड्ने भन्ने निर्णय सोमबार बस्ने पार्टी बैठकले गर्नेछ ।
> **– मनिष सुमन**
> प्रवक्ता, जसपा नेपाल

> मधेश सरकारको परिवर्तित घटनाक्रमबारे खास छलफल भएको छैन, समय आएपछि निर्णयमा पुग्छौँ ।
> **– जितेन्द्र सोनल**
> संसदीय दलका नेता, लोसपा

> ३० दिनभित्र नयाँ किसिमको समीकरणसहित पाँचौँपटक विश्वासको मत पाउँछु, राजीनामा दिन्नँ ।
> **– सरोजकुमार यादव**
> मुख्यमन्त्री, मधेश सरकार

राजीनामा बुझाएपछि सञ्चारकर्मीसँग कुरा गर्दै यादवले नयाँ घटनाक्रम मुलुकमा सिर्जना भएको र संघीय सरकारमा समेत जसपा नरहनेजस्तै बुझिएपछि आफूहरुसमेत बस्नुको औचित्य नरहेको कारण राजीनामा दिइएको बताए । उनले नेकपा एमाले मधेश प्रदेशको ठूलो दल भएकाले सरकारको नेतृत्वमा दाबी रहने बताए । उनले नयाँ सरकार गठनका विषयमा प्रदेश सभामा रहेका विभिन्न दलसँग छलफल गरिने र त्यसपछि निर्णय लिइने बताए ।

नेकपा एमाले र माओवादी केन्द्र सरकारबाट बाहिरिएपछि खाली भएको मन्त्रालयको जिम्मा मुख्यमन्त्री यादवले आफैँले लिएका छन् । भौतिक पूर्वाधार विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, गृह, सञ्चार तथा कानून मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय र शिक्षा तथा संस्कृति मन्त्रालयको जिम्मा आफैँले लिएका हुन् । यसका लागि मुख्यमन्त्री यादवले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मन्त्रिपरिषद पुनर्गठन गर्न प्रदेश प्रमुखलाई पत्र पठाएका हुन् ।

जनता समाजवादी पार्टी नेपाल सरकारमा रहने अथवा छाड्ने भन्ने निर्णय सोमबार बस्ने केन्द्रीय समिति बैठकले गर्ने प्रवक्ता मनिष सुमनले बताए । माओवादी केन्द्र र एमालेले सरकारबाट बाहिरिएको घटनाक्रमलाई नजिकबाट हेरिरहेको भन्दै मधेश प्रदेशसभा सदस्यसमेत रहेका प्रवक्ता सुमनले सोमबार बस्ने बैठकबाट सरकारमा रहने अथवा नरहने निर्णय लिइने बताए ।

मधेश प्रदेशमा १ सय ७ सांसद रहेकामा एकजना निलम्बनमा परेकाले १ सय ६ जना सांसद कायम छन् । मधेश प्रदेश सभामा नेकपा एमाले २५, नेपाली कांग्रेस २२, जसपा नेपाल १९, माओवादी केन्द्र ९, लोसपा ८, जनमत १३, नेकपा एस ७, नागरिक उन्मुक्ति पार्टी १, राप्रपा नेपाल १, संघीय समाजवादी पार्टी १ सदस्य छ ।बहुमत सदस्यका लागि ५४ प्रदेशसभा सदस्य आवश्यक रहेकामा पार्टी विभाजनअघि जसपा नेपालसँग १९ प्रदेशसभा सदस्य थिए । अहिले सरकारमै रहेका नेकपा एसले समेत के गर्ने भन्ने निर्णयमा पुगेको छैन । नेकपा एसका संसदीय दलका नेता एवम् भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपानेले सरकारबारे निर्णय गर्न बैठक भइरहेको बताए ।

## नयाँ गठबन्धन बनाउन छलफल





नेकपा एमाले र माओवादी केन्द्र जसपा नेतृत्वको सरकारबाट बाहिरिएपछि सरकार गठनका लागि नयाँ गठबन्धन बनाउने गृहकार्य शुरु भएको छ ।

नयाँ गृहकार्यअनुसार नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनमत पार्टी र लोसपाबीच छलफल शुरु भएको छ । नेकपा एमाले र माओवादी केन्द्रका मन्त्रीले राजीनामा दिएर सरकारबाट समर्थन फिर्ता गरेपछि जनमत र लोसपासँग छलफल भएको हो । नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवको निवासमा जनमतका संसदीय दलका नेता महेशकुमार यादव र लोसपा नेता उपेन्द्र महतो र रानी शर्मा तिवारीबीच नयाँ सरकारको विषयमा छलफल भएको हो । छलफल सकारात्मक रहेको नेताहरुले बताए ।

लोसपाका नेतृ रानीकुमारी तिवारीले नेकपा एमाले र माओवादी केन्द्रका नेताहरुले सरकारबाट समर्थन फिर्ता लिएको र छलफल अगाडि बढ्ने बताइन् । उनले आफूहरु सरकारका विषयमा सकरात्मक रहेको बताइन् ।

उनले भनिन्, ‘उहाँहरु सरकारबाट बाहिरिनुभएको छ, हामीसँग छलफल गर्नु भएकामा हामी सकारात्मक छौँ, अब छलफल गरेर बाँकी विषय टुंगोमा पुर्याउने छौँ ।’

**पाँचौँपटक विश्वासको मत पाउछु**

दुई सत्तारुढ दलको समर्थन फिर्तापछि अल्पमतमा परेका मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले नेकपा एमाले र माओवादीले सरकारबाट समर्थन फिर्ता लिए पनि सरकार अल्पमतमा नपरेको दाबी गरेका छन । उनले आफूले राजीना नदिने तर विश्वासको मतको सामना गर्ने बताए ।

मधेशदृष्टिसँग कुरा गर्दै कुनै दलले सरकारबाट समर्थन फिर्ता लिएपछि ३० दिनभित्र विश्वासको मत लिने कानुनी प्रावधान रहेकाले विश्वासको मत सामना गर्ने प्रष्ट पारे । उनले भने, ‘पाँचौपटक विश्वासको मत पाउने छु, यसमा कुनै शंका छैन ।’

उनले ३० दिनसम्म आफूलाई सरकारमा रहने अधिकार भएकाले राजीनामा दिने सम्भावना नरहेको बताए । उनले केही दलले समर्थन फिर्ता लिएपछि मधेशमा नयाँ किसिमको समीकरण बन्ने प्रष्ट पारे । उनले ३० दिनभित्र आफूले विश्वासको मत पाउनेमा ढुक्क रहेको बताए ।

**उपयुक्त समयमा निर्णय गर्छौँ**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका संसदीय दलका नेता जितेन्द्र सोनल आइतबार राति नै काठमाडौँ हिँडेका छन् । मधेश सरकारमा परिवर्तित घटनाक्रममा लोसपाले साथ दिए बहुमत पुग्ने पक्का छ । यस्तो अवस्थामा लोसपाले पनि मुख्यमन्त्री दाबी गरिरहेको अवस्थामा एकाएक आइतबार साँझ नेता सोनल काठमाडौँ हिँडेका हुन् ।

उनले भने, ‘एकाएक काठमाडौँबाट बोलावट भयो, रातारात काठमाडौँ जाँदैछु ।’ उनले मधेश सरकारको परिवर्तित घटनाक्रमबारे खास छलफल नभएको र उपयुक्त समयमा उपयुक्त निर्णय गरिने तयारी रहेको बताए । भने, ‘आइतबार खास केही छलफल भएको छैन, काठमाडौँ हिँडेको छु, मधेश सरकारबारे समय आएपछि निर्णयमा पुग्नेछौँ र निर्णय उपयुक्त लिनेछौँ ।’

# वल्डलिंकको रिट खारेज राज्य कोषको अबौँ रकम सुरक्षित

**रासस**
**काठमाडौँ ।**

सर्वोच्च अदालतले वल्डलिङ्क कम्युनिकेसन प्रालिले दायर गरेको आठ वटै रिट निवेदन खारेज गरेको छ । न्यायाधीशद्वय हरिप्रसाद फुयाल र डा नहकुल सुवेदीको इजलासले आइतबार वल्डलिङ्कको माग दाबी बमोजिम फैसला गर्न अस्वीकार गर्दै रिट निवेदन खारेज हुने ठहर गरेको हो । अदालतको उक्त फैसलासँगै नेपाल सरकारलाई प्राप्त हुनुपर्ने रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्क कानुन बमोजिम असुल उपर गर्ने बाटो खुलेको छ ।

यो फैसलासँगै सरकारलाई रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्क कानुन बमोजिम असुल उपर गर्ने बाटो खुलेको छ । अदालतको फैसलासँगै राज्यकोषको अबौँ रकम बचेको छ । महालेखा परीक्षकले आर्थिक वर्ष २०७२/७३ को वार्षिक प्रतिवेदनदेखि हरेक वर्ष निरन्तर इन्टरनेट सेवा प्रदायकहरुले नेपाल सरकारलाई बुझाउनुपर्ने रोयल्टी राजस्व नेपाल सरकारलाई प्राप्त नभएकाले कानुन बमोजिम असुलउपर गर्नुपर्ने बेरुजु भनी औँल्याएको थियो । सोही विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गतवर्ष गरेको अनुसन्धानबाट वल्डलिङ्कलगायत सेवा प्रदायकले कर छली गरेको खुलासा भएको थियो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मन्त्रालयको नेतृत्व लिनुभएपछि इन्टरनेट सेवा प्रदायकहरुले कर छली गरेको विषयमा अनुसन्धान गर्न सहसचिव गौरव गिरीको संयोजकत्वमा समिति गठन भयो । समितिले आव २०६९/७० देखि आव २०७८/७९ सम्मको अवधिमा कूल एघार वटा इन्टरनेट सेवा प्रदायकले बुझाएको रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास शुल्कको विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गर्यो ।

प्रतिवेदनमा वल्डलिङ्क कम्युनिकेसनलगायत नौ वटा इन्टरनेट सेवा प्रदायकले करिब दुई अर्ब ४६ करोड रुपैयाँ रकम नेपाल सरकारलाई बुझाउन बाँकी रहेको तथा अदालतमा विचाराधीन मुद्दामा रहेको थप २७ करोड ३३ लाख रुपैयाँ रकमसमेत असुल गर्न बाँकी रहेको उल्लेख थियो । सोही प्रतिवेदनका आधारमा रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास शुल्क असुल गर्न मन्त्रालयले नेपाल दूरसञ्चार प्राधिकरणलाई दिएको निर्देशन दिएको हो । सो निर्देशनपछि नेपाल दूरसञ्चार प्राधिकरणले स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई अध्ययन गर्ने जिम्मा दियो । चार्टर्ड एकाउन्टेन्टले केही इन्टरनेट सेवा प्रदायकहरुले नेपाल सरकारलाई रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्क तिर्न बुझाउन बाँकी रहेको भनी रकमसमेत खुलाइ प्रतिवेदन पेश गरेको थियो ।

नेपाल दूरसञ्चार प्राधिकरण स्रोतका अनुसार नौ वटा इन्टरनेट सेवा प्रदायकबाट रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्क वापत कूल तीन अर्ब ६४ करोड रुपैयाँ रकम असुल गर्न बाँकी छ । जसअनुसार वल्डलिङ्क कम्युनिकेसनले एक अर्ब ९६ करोड रुपैयाँ भन्दा बढी तिर्न बाँकी छ । त्यसैगरी भायानेट कम्युनिकेसनबाट ४१ करोड रुपैयाँ, सुविसुबाट ३३ करोड रुपैयाँ, क्लासिक टेकबाट ३१ करोड रुपैयाँ, टेकमाइण्डबाट ३० करोड रुपैयाँ, वेफसर्फरबाट १२ करोड रुपैयाँ, मर्कन्टायलबाट १० करोड रुपैयाँ, पोखरा इन्टरनेटबाट चार करोड रुपैयाँ र नेटम्याक्सबाट दुई करोड रुपैयाँभन्दा बढी रकम असुल गर्न बाँकी रहेको छ ।

दूरसञ्चार निमयमावली, २०५४ को नियम २६ अनुसार दूरसञ्चार सेवा प्रदायकहरुले वार्षिक कूल आम्दानीको चार प्रतिशत रोयल्टी राजस्ववापत नेपाल सरकारलाई बुझाउनपुर्ने तथा दूरसञ्चार ऐन २०५३ को दफा ३० बमोजिम वार्षिक आयको दुई प्रतिशत रकम ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्नुपर्ने कानुनी व्यवस्था छ । अदालतको फैसलासँगै तत्काल पौने चार अर्ब रोयल्टी र दूरसञ्चार विकास शुल्क प्राप्त हुने भए पनि दीर्घकालीन रुपमा राज्यको बीसौँ अर्ब रकम सुरक्षित भएको नेपाल दूरसञ्चार प्राधिकरणले जनाएको छ । यदी अदालतको फैसला सेवा प्रदायकको पक्षमा भएको भए अन्य सेवा प्रदायकले भुक्तान गरिसकेको अबौँ रकम पनि फिर्ता गर्नुपर्ने हुन्थ्यो ।

# आर्थिक क्षेत्रमा महिला सहभागिता र सशक्तीकरण आवश्यकः यादव

**रासस**
**काठमाडौँ ।**

उपराष्ट्रपति रामसहाय प्रसाद यादवले मुलुकको आर्थिक उत्पादकत्व बढाउन, लैङ्गिक असमानतालाई सम्बोधन गर्न र दिगो विकासका लक्ष्यहरु हासिल गर्नका लागि आर्थिक क्षेत्रमा महिला सहभागिता र सशक्तीकरण महत्वपूर्ण आवश्यकता भएको बताएका छन् । नेपालसहित दक्षिण एसियाली मुलुकका अगुवा महिलाको सहभागितामा ललितपुरमा सुरु भएको 'साउथ एसियन वुमन्स कन्फेरेन्स अन इकोनमिक इम्पावरमेन्ट (२०२४)' सम्मेलनको आइतबार उद्घाटन गर्दै उनले डिजिटल रूपान्तरणमार्फत महिला सशक्तीकरण आजको आवश्यकता भएको बताए । उपराष्ट्रपति यादवले केही सामाजिक मान्यताहरू लैङ्गिक समानताका लागि बाधक भएको उल्लेख गर्दै दक्षिण एसियामा आर्थिक वृद्धि, बढ्दो शिक्षा, र घट्दो प्रजनन क्षमताको बाबजुद अधिकांश विकासोन्मुख मुलुकहरूको तुलनामा महिला आर्थिक अवसरबाट वञ्चित हुनु चिन्ताको विषय भएको बताए । 'आर्थिक सशक्तीकरणमा महिलाको आर्थिक अधिकार, न्यायको प्रवर्द्धन र कार्यस्थलहरूमा लैङ्गिक अन्तर रोक्नुपर्नेजस्ता विषयहरु समावेश छन्', उनले भने, 'त्यसअनुरुप कार्य हुन आवश्यक छ । अझ नीतिनिर्माण र आर्थिक विकासमा महिलाको भूमिकालाई थप एकीकृत गर्दै अघि बढ्न सक्नुपर्दछ ।' उपराष्ट्रपति यादवले राजनीतिमा नेपालले महिला सशक्तीकरणको क्षेत्रमा केही फड्को मारे पनि लैङ्गिक समानता, महिला उद्यमशीलता र वित्तीय स्रोतमा पहुँचजस्ता महत्वपूर्ण क्षेत्रमा अझै काम गर्न बाँकी रहेको छ भने । 'व्यापार, उत्पादन, पर्यटन व्यवस्थापन, कृषि र अन्य विभिन्न क्षेत्रमा महिला सहभागिता आवश्यक छ', उनले भने, 'महिलाको आर्थिक सशक्तीकरणमा बाधा पु¥याउने चुनौतीलाई पहिचान गरी सामूहिक रूपमा सम्बोधनका लागि यो सम्मेलन कोसेढुङ्गा बन्ने विश्वास लिएको छु ।' उनले महिलालाई विकासको मूलधारमा ल्याउनु आजको संसारमा प्रगति र सान्दर्भिकताका लागि आवश्यक मात्र नभई अत्यन्तै महत्वपूर्ण भएको बताए । 'यो सम्मेलनले दक्षिण एसियाली महिला उद्यमीहरू र आर्थिक क्षेत्रमा क्रियाशील महिलाबीच नेटवर्किङका लागि एउटा राम्रो अवसर प्राप्त हुने विश्वास पनि लिएको छु', उनले भने, 'नेपाली महिला उद्यमीहरू र सहभागीका लागि नेटवर्किङका अलावा अन्य दक्षिण एसियाली देशहरूबीच संयुक्त व्यापार व्यवसायलाई प्रवर्द्ध्न गर्न सम्मेलनले उत्प्रेरित गर्न सकोस् भन्ने शुभकामना छ ।'

# 'अभिषाप बन्यो खडीखानीको सपना'

**भूमिराज पिठातोली**
**चैनपुर ।**



कुनैबेला बझाङका युवाका लागि भारतको उत्तराखण्डका खडीखानी (लेख्ने चकजस्तै ढुङ्गाको खानी) जानु ठूलो 'सोख' र 'सान'को विषय थियो । खडिखानीमा पसिना चुहाएर मनग्य आम्दानी हुने भएपछि स्थानीय युवाको सपना नै ठेकेदारमार्फत् उत्तराखण्ड जानु हुन्थ्यो । यतिसम्मकि यहाँका धेरै युवाले कमाइको लोभमा माध्यमिक तहको अध्ययन गर्नुभन्दा मुग्लान पस्नुलाई आफ्नो भलाई ठान्थे । त्यस्तै नियतिले मष्टा गाउँपालिका–६ का लक्ष्मण बोहरालाई पनि पछ्यायो ।

विगत १२÷१५ वर्षदेखि त्यहाँ आउनुजानु लक्ष्मणको नियमित कर्मजस्तै थियो । यही क्रममा एक दशकअघि पनि उनले मङ्सिरमा खेतबारीमा गहुँ छरेर दर्जनबढी आफन्तसँगै दैलो छोडे । सुरुआती दिन राम्रैसँग बिते । यसताका कामको चापले घर छोडेको १५ महिनापछि मात्रै जन्मथलो फर्किएको उनको मनस्पटलमा ताजै छ । 'जीवनको पहिलो कमाइ बाआमालाई दिँदा उहाँहरूको आँखामा खुसीको आँशु बगेको थियो' लक्ष्मण सम्झन्छन्, 'छोरो गरी खाने भइसक्यो भनेर गाउँभरि खुसी साट्दै मिठाइ बाड्नुभएको अहिल्यै होजस्तो लाग्छ ।'

मेहनतअनुसार खडीखानीको कमाइले बाबाआमालाई सदरमुकाम राख्ने, घर–जमिन जोड्ने र त्यसपछि बिहे गर्ने लक्ष्मणको तयारी थियो तर उनले १० वर्षअघि विवाह गर्नै पर्ने भयो । बिहेपछि पनि उनको कमाइ राम्रै थियो । आवतजावत चलेकै थियो । उनी पाँचौपटक बाबाआमा र छोरीलाई सदरमुकाम राख्ने र उतै पढाउने सल्लाह गरेर खडीखानीतर्फ लागे तर यो उनको अन्तिम यात्रा भयो । खानी खन्दै गरेका बेला पहिरो पहिरो झर्यो । त्यही पहिरो उनका लागि अभिषाप बनेर आयो । लक्ष्मणले दिएको जानकारी अनुसार पहिरो झरेपछि सँगै काम गरिरहेका साथीहरू भाग्न सफल भए तर उनी भने सुरूकै ढुङ्गा टाउकोमा लागेर त्यही ढले । पछि ठूलो पहिरोले कम्मरभन्दा मुनीको भाग पूरै च्यापियो ।

'मेरो होस् नै थिएन । अन्य साथीहरूले अचेत अवस्थामै अस्पताल पुर्याए छन् । अस्पतालमा महिनादिनपछि मात्रै मेरो चेत खुल्यो । ठेकेदार र अस्पतालले चलखेल गरेर सञ्चो भइसक्यो भनेर घर पठाए', ति दिन सम्झिँदै उनी भन्छन्, 'सामान्य औषधि दिएर 'डिस्चार्ज' गर्यो तर फेरि असञ्चो भएपछि मेरा भाइहरू भएको ठाउँ बैङ्लोरमा लिएर उपचार गरियो ।' त्यहाँ चार महिनासम्म उपचार गरिएपछि चिकित्सकको सल्लाहमा औषधि बोकेर घर पठाइएको उनी बताउँछन् । 'घर फर्कँदा मर्नु न बाँच्नु भयो । अहिले आमाबुबा र श्रीमतीले स्याहार्दै आएका छन् । छ वर्षदेखि परिवारको सहयोग र औषधिको भरमा स्वास धानिएको छ', लक्ष्मणले मलिन मुद्रामा भने ।

लक्ष्मणको मेरुदण्ड भाँचिएको हुँदा कम्मरभन्दा तलको भाग चल्दैन । अहिले ७३ वर्षीय बुबा धनपति बोहराले उनलाई सहारा दिइरहेका छन् । आफू र श्रीमतीले पाउने वृद्धभत्ता र छोरा लक्ष्मणले पाउने अपाङ्गता भत्ताबाट परिवारको पेट पालिएको बुबा धनपतिले बताए । 'आफ्नो जीवन बाचुञ्जेल सबै छोराका लागि केही व्यवस्था गरिदिने सोच थियो । विडम्बना कान्छो छोरा लक्ष्मणको यो हालत भयो । छोराको उपचारमा भएको सबै सम्पत्ति खर्चिदा पनि सञ्चो भएको छैन । अब बाँकी दिन कसरी काट्ने होला' उनले भने ।

बुबा धनपतिका अनुसार छोराको उपचारका लागि ३५ लाख रुपैयाँ खर्च भएको छ भने त्यसमध्ये पाँच लाख रुपैयाँ भाइ, पाँच लाख रुपैयाँ रोजगारदाताले दिएको र २५ लाख रुपैयाँ लक्ष्मणकै भागको जग्गा बेचेर खर्च गरिएको हो । 'बुबाआमालाई सुख दिने बेलामा उल्टै बुढेसकालमा उहाँहरूको गलगाँडजस्तै भएको छु । उठ्न र बस्नसक्ने अवस्था पनि छैन । अझै घाउ सञ्चो भएको छैन । घरका सबैले काम छोडेर मेरै सेवा गरिरहनुपरेको छ' लक्ष्मणले पीडा पोखे । उनले विगत छ वर्षदेखि मासिक २० हजार रुपैयाँ बराबरको औषधि नियमितरूपमा सेवन गरिरहेको सुनाए । त्यो खर्च धान्न बोहरा परिवारलाई धौधौ छ । 'अन्न नउब्जिएपछि छाक टार्नै मुस्किल छ । कमाई छैन, सामाजिक सुरक्षा भत्ताले खान पुग्दैन । त्यसैमा छोराको उपचारमा ऋण लागेकाले समस्यामा छौँ', बुबा धनपतिले दुःखेसो पोखे ।

# राजनीतिक स्थायित्वका लागि जुटौँः मन्त्री

**रासस**
**काभ्रेपलाञ्चोक ।**

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले राजनीतिक स्थायित्वका लागि सबै पक्ष जुट्नुपर्ने आवश्यकता औँल्याएका छन् । उनले जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकद्वारा आइतबार धुलिखेलमा आयोजित 'कार्यालयस्तरीय त्रैमासिक समीक्षा एवं सङ्घ, प्रदेश तथा स्थानीयस्तरीय सेवा–प्रवाह र विकास निर्माणसम्बन्धी अन्तरक्रिया' कार्यक्रममा के व्यवस्था गर्दा राजनीतिक स्थायित्व हुन्छ त्यसका लागि सबैपक्ष जुट्न आग्रह गरेका हुन् ।

'राजनीतिक स्थायित्वका लागि पक्ष विपक्ष नबनौँ, राजनीतिक स्थायित्वका लागि सबैपक्ष जुट्नुपर्ने आवश्यकता भइसकेको छ' मन्त्री जोशीले भने, 'राजनीतिक स्थायित्व दिई नागरिकको अविश्वास निस्तेज पार्नु सबैको चुनौतीको विषय भएकाले सबैपक्ष जुटौँ ।' राजनीतिक स्थायित्वले दिगो विकास र नवप्रवर्तनलाई निरन्तरता दिनसक्ने भएकाले सुन्दर देश निर्माणमा 'सत्तापक्ष वा विपक्ष' सबै पक्षको उत्तिकै दायित्व भएको उनको भनाइ थियो ।

मन्त्री जोशीले देशभक्त कर्मचारीले नै नागरिकलाई सुशासन प्रदान गर्ने बताएका छन् । 'जनताले अनुभूत गर्नेगरी सुशासन प्रदान गर्नु कर्मचारीकै दायित्व हो, कसरी अझ सेवा प्रभावकारी बनाउन सकिन्छ भन्नेबारे समीक्षा गरी 'कर्मचारी नै हुन् बिगार्ने' भन्ने बाहिरको भाष्यलाई बन्द गराउन लाग्नुहोस' उनले भने । उनले कर्मचारी दुई वर्ष सरुवा नहुने प्रावधान भए पनि त्यसो नभएकोमा चिन्ता व्यक्त गर्दै त्यस विषयमा मन्त्रालय गम्भीर रहेको बताए ।

सङ्घीय निजामती ऐन आएपछि कर्मचारीका सबै विषय हल हुनेमा आफू विश्वस्त रहेको उनको तर्क थियो । मन्त्री जोशीले एक सय चार स्थानीय तहमा नवप्रवर्तन कार्यक्रमलाई प्रारम्भिक चरणमा मागिएको ८८ करोड रुपैयाँ रकम निकासा नभई ती तहमा नयाँ कामको सुरुआत गर्न नपाएकामा दुःखेसो पोख्दै संविधान कार्यान्वयनको सिलसिलामा देखिएका कठिनाईलाई सबै मिलेर फुकाउनुपर्ने उनको धारणा थियो । उनले भने, 'तर, महिला जनप्रतिनिधिको आर्थिक अपचलनको मुद्दा नगन्य भइरहँदा पुरष जनप्रतिनिधिलाई यस विषयमा चुनौतीको चाङ पनि थपिँदै गएको छ, यसप्रति पनि विशेष सचेत रहनुहोला ।' बनेपा नगरप्रमुख शान्तिरत्न शाक्य, पनौती नगरप्रमुख रामशरण भण्डारी, मण्डनदेउपुर नगरप्रमुख टोकबहादुर वाइबा, नमोबुद्ध नगरप्रमुख कुन्साङ लामा, महाभारत गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बा र जिसस उपप्रमुख रिमबहादुर तामाङले सुशासनका विषयमा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी चनाखो हुनुपर्ने विचार व्यक्त गरेका थिए । सो अवसरमा बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव हुमकला पाण्डे, काभ्रेपलाञ्चोकको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, पत्रकार महासङ्घका जिल्ला अध्यक्ष बद्रीराज तिमल्सिनालगायतले स्थानीय तहको सेवा–प्रवाहमा सरल एवं सहजतामा ध्यान दिन सुझाव दिएका थिए ।

# पर्यावरण जोगाउन ताल तथा पोखरी संरक्षण अभियान

**रासस**
**सिरहा ।**

लहान नगरपालिका–१५ र १८ स्थित सामुदायिक वनमा ताल तथा पोखरी निर्माण र संरक्षणमा सरोकारवालाहरु जुटेका छन् । केयर नेपालको आर्थिक सहयोग तथा लहान नगरपालिकाको समन्वयमा सामुदायिक वन महासङ्घ नेपाल र राष्ट्रिय कृषक समूह महासङ्घ नेपालले ताल तथा पोखरी संरक्षणका लागि स्थानीयस्तरमा काम गरिरहेको सामुदायिक वन महासङ्घ सिरहाका सचिव रुद्रनारायण चौधरीले जानकारी दिए । चुरेको फेदीमा रहेको लहान – १५ र १८ मा पर्ने मुतनीखोला जलाधर संरक्षण परियोजना सञ्चालित रहेको छ ।

सुक्दै गएको भूमिगत पानीको सतहलाई 'रिचार्ज' गर्ने तथा पर्यावरणलाई जोगाइराख्ने उद्देश्यले यस परियोजना सञ्चालन गरिएको सचिव चौधरीले बताए । 'दिनानुदिन चुरे विनाश तथा प्राकृतिक स्रोतसाधनको दोहन बढ्दै गएको छ । यसलाई नियन्त्रण तथा मानव निर्मित पोखरी र तालहरुको संरक्षण गर्न यस अभियान सञ्चालन गरिएको हो' चौधरीले भने, 'यी ताल तथा पोखरीले सहर तथा ग्रामीण क्षेत्रका पानीका स्रोत मात्र नभई पर्यावरण जोगाइराख्न पनि उत्तिकै भूमिका निर्वाह गर्दछन् ।'

सचिव चौधरीका अनुसार यहाँ चुरे पर्वतबाट सुरु भई बहने मुतनीखोलासँग जोडिएका नौवटा सामुदायिक वन रहेका छन् । अहिले पाँचवटा सामुदायिक वनमा पोखरी निर्माण गर्ने काम महिनादिनदेखि चलिरहेको छ जसमा चारवटा पोखरी निर्माण र मुतनीखोला संरक्षणका लागि तटबन्ध निर्माण कार्य जारी रहेको सचिव चौधरीले जानकारी दिए । चुरे क्षेत्रको संरक्षण गरी तराइक्षेत्रलाई मरुभूमिकरण हुनबाट जोगाउन ताल तथा पोखरी संरक्षण अभियान फलदायी रहने विश्वास लहान नगर प्रमुख महेशप्रसाद चौधरीले व्यक्त गरे । उनले भने, 'नगरप्रमुखको हैसियतमा मेरै संयोजकत्वमा यस अभियान सञ्चालन भइरहेको छ । यहाँ सुक्दै गएको पानीको स्रोतलाई पुनः रिचार्ज गर्न यो अभियान महत्वपूर्ण हुने ठानेको छु । यसमा अपुग रकम नगरपालिकाले व्यवस्थापन गर्ने छ ।' त्यसगरी नगरप्रमुख चौधरीले चुरे क्षेत्रका जलाधारक्षेत्र अर्थात् नदी, ताल, तलैया, पोखरी, सिमसार क्षेत्र तथा त्यसक्षेत्रसँग जोडिएको भूमिको एकीकृत रूपमा संरक्षण र व्यवस्थापनमार्फत स्वच्छ जलाधारक्षेत्र कायम गरी दिगोरूपमा उपयोग गर्नका लागि सङ्घीय सरकारको ध्यानाकर्षण समेत गराए ।

# प्रणाली नफेरेसम्म अर्थतन्त्रमा सुधार आउँदैनः भट्टराई

**रासस**
**नवलपरासी ।**

पूर्वप्रधानमन्त्री एवम् नेपाल समाजवादी पार्टीका संयोजक डा बाबुराम भट्टराईले अर्थतन्त्र सुधारका लागि स्थिर राजनीतिक प्रणाली आवश्यक रहेको बताएका छन् । नवलपरासी ( बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोतीमा आइतबार आयोजित 'नेपालको अर्थतन्त्रमा वर्तमान परिदृष्य र अबको यात्रा' विषयक अन्तरसंवादमा डा भट्टराईले अर्थतन्त्र सुधार गर्न राजनीतिक स्थिरता र त्यसका लागि राजनीतिक संरचनामा परिवर्तन आवश्यक रहेकामा जोड दिए ।

उनले भने, 'अर्थतन्त्रको अवस्था सुधारर्न गम्भीर शल्यक्रिया गर्नुपर्नेछ । त्यसका लागि राजनीतिक क्षेत्रमा गम्भीर हस्तक्षेप नगरी हुँदैन । अहिलेको अस्थिर राजनीतिक प्रणाली रहेसम्म राजनीतिक स्थिरता र सही राजनीतिक नेतृत्वको विकास हुँदैन । त्यसकारण देश विकासका लागि राजनीतिक संरचना बदल्न आवश्यक छ ।' अहिलेको व्यवस्थामा छ÷छ महिनामा सरकार फेरिने र विकासको कुनै प्राथमिकता नहुने हुँदा प्रत्यक्ष निर्वाचित राष्ट्रपति, प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री र पूर्णसमानुपातिक संसद् बनाउने गरी राजनीति प्रणाली फेर्नुपर्ने उनको भनाइ छ ।

'सरकार छ÷छ महिनामा फेरिएका छन् । त्यसले प्राथमिक विषयमा पनि काम गर्न सकिएको छैन ।

त्यसैले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय प्रणाली र मुख्यमन्त्री, पूर्णसमानुपातिक संसद हुनेगरी सुधार आवश्यक छ', डा भट्टराईको भनाइ थियो । यस्तै, भ्रष्ट्राचार नियन्त्रणका लागि संसदप्रति उत्तरदायी हुने अधिकार सम्पन्न जनलोकपाल निर्माण गर्नुपर्नेमा पनि उनले जोड दिए ।

# 'हेमाटोलोजी एनलाइजर' खरिद गर्न अर्थ सङ्कलन

**रासस**
**महोत्तरी ।**

बर्दिवास–२ स्थित जनता माध्यमिक विद्यालयबाट विसं २०५९ मा प्रवेशिका परीक्षामा सहभागी विद्यार्थीले बर्दिवास हेल्पिङ ह्याण्डस् नामको संस्था स्थापना गरेर मानव शरीरको रक्त विश्लेषण गर्ने उपकरण हेमाटोलोजी एनलाइजर खरिदका निम्ति रकम सङ्कलन गरेका छन् । उपकरण खरिदका लागि सङ्कलन भएको ५९ हजार रुपैयाँ उनीहरूले नेपाल रेडक्रस सोसाइटी बर्दिबास उपशाखालाई शनिबार हस्तान्तरण गरेका छन् । 'हामीले सिबिसी मेसिन किन्न रेडक्रसलाई ५९ हजार रुपैयाँ हस्तान्तरण गरेका छौँ', बर्दिवास अस्पतालका मेडिकल अफिसर डा किशोर अधिकारीले भने, 'यो सबैलाई जागृत गराउने अभियान हो, यसैले रकम सानो भए पनि कार्यक्रम नै आयोजना गरेर हस्तान्तरण गरेका हौँ ।' बर्दिबासवासीले सिबिसी मेसिन खरिद अभियान थालिएको थाहा पाउन् भन्ने आपूmहरूको उद्देश्य रहेको बताए । त्यस अवसरमा मधेश प्रदेशका गृह, कानुन तथा सञ्चार राज्यमन्त्री शारदादेवी थापाले आपूm पनि जनता माविकै पूर्वविद्यार्थी भएकाले बर्दिवास हेल्पिङ ह्याण्डस्सँग भावनात्मक सम्बन्ध रहेको बताइन् । 'म पनि यो अभियानमा तपाईंहरुसँगै छु, सक्दो सहयोग गर्नेछु', राज्यमन्त्री थापाले भनिन्, 'सबै लाग्यौँ भने सिबिसी उपकरण खरिद गर्न सक्रेछौँ ।'

मधेशका कुनै पनि जिल्ला अस्पतालमा हालसम्म उक्त उपकरण नहुँदा सङ्घीय राजधानी काठमाडौँ र विदेश जानुपर्ने बाध्यता छ । 'बर्दिवास हेल्पिङ ह्याण्डस्ले नगद हस्तान्तरण गरेरै अभियान थाल्यो, हामीलाई थुप्रै सामाजिक सङ्घसंस्था र जिल्लाका स्थानीय तहले सहयोगबारे चासो देखाउनुभएको छ', रेडक्रस सोसाइटीका सभापति रेवन्त कार्कीले भने, 'हामी आउने दसैँ पर्वअघि नै यहाँको रक्तसञ्चार केन्द्रमा सेतो रगत बनाउने कम्पोनेन्ट मसिनबाट काम लिन थाल्ने छौँ ।' उनका अनुसार यो उपकरणको हालको बजार मूल्य एक करोड १० लाख रुपैयाँ छ ।

# दाइजोरहित विवाह गरेका दुई जोडीलाई सम्मान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा दाइजोरहित विवाह गरेका नवविवाहित दुई जोडीलाई विवाह मण्डपमै सम्मान गरिएको छ । शनिबार मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबु राउतसहितको टोलीले दाइजोरहित विवाह गरेका जोडीलाई सम्मान गरेको हो । वीरगंजको पानीटंकीस्थित डायमण्ड पार्टी प्यालेशमा शनिबार राति भइरहेको विवाह स्थलमै पुगेर बालविवाह एंव दाइजो उन्मूल अभियानले नवविवाहित दुई दम्पतिलाई सम्मानित गरेको हो ।

बेहुला औरेन्जब अहमद र बेहुली निकात खातुन तथा बेहुला जावेद अहमद र बेहुली साहिन आरालाई मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, दाइजो उन्मूल अभियान पर्साका संयोजक प्रकाश थारु सहितको टोलीले सम्मान गरेको हो । पर्साको धोबिनी गाँउपालिका वडा नम्बर ५ का औरेन्जेब अहमद र बाराको परवानीपुर गाँउपालिका वडा नम्बर ३ की निकात खातुन तथा औरेन्जेबका आफनै सहोदर भाई जावेद र पर्साको कालिकामाई गाँउपालिका वडा नम्बर १ की साहिन आराको शनिबार राति एउटै विवाह मण्डपबाट विवाह भएको थियो ।

दुवै दम्पतिले दाइजोरहित विवाह गरी समाजमा सकरात्मक सन्देश दिएकाले दुवै दम्पतिलाई सम्मानित गरिएको पूर्व मुख्यमन्त्री राउतले बताए ।

बालविवाह एंव दाइजो उन्मूल अभियानले दाइजोविरुद्ध चलाइरहेको देशव्यापी अभियान अन्तर्गत दाइजोरहित विवाह गर्दै आएका नवविवाहित दम्पतिहरुलाई सम्मानित गरेर दाइजोरहित विवाह गर्नका लागि युवायुवती र तीनका अभिभावकलाई उत्प्रेरित गर्दै आएको अभियानका संयोजक थारुले बताए । दुवै बेहुलाका दाजु तबरेज अहमदले



दाइजोकै कारण आफनो विवाहिता बहिनीको केही वर्षअघि निमर्म हत्या भएपछि दाइजोले दिएको पीडाको भुक्तभोगी आँफनो परिवार रहेको बताउदै सो पिडालाई सम्झेर दुवै भाईको आफूले दाइजोरहित विवाह गरिदिएको बताए । मधेशमा अहिले पनि दाइजोका कारण थुप्रै चेलीबेटीहरुले प्रताडना सहनु परेको, कतिपय चेलीबेटीले ज्यान नै गुमाउनु परेका घटनाहरु भइरहेका छन् । नवदम्पतिहरुलाई सम्मानित गर्ने क्रममा नेपाल रेडक्रस सोसाइटी मधेश प्रदेशका सभापति फुलमहम्मद मियाँ, नेपाली कांग्रेस पर्साका प्रवक्ता रमेश पाण्डे लगायतको सहभागिता रहेको थियो ।

# धनुषामा जिल्लास्तरीय फुटबल प्रतियोगिता

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा 'प्रथम सबैला मेयर कप जिल्ला स्तरीय फुटबल प्रतियोगिता २०८१' शुरु भएको छ । सबैला नगरपालिकाले आयोजना गरेको 'प्रथम सबैला मेयर कप जिल्ला स्तरीय फुटबल प्रतियोगिता २०८१' को उद्घाटन शनिबार मधेश प्रदेशका उद्योग वाणिज्य तथा पर्यटन मन्त्री युवराज भट्टराईले गरेका हुन् । प्रतियोगितामा १२ टिमले



सहभागिता जनाएका छन् । वैशाख २९ गतेबाट शुरु भएको प्रतियोगिता ज्येष्ठ १० गतेसम्म चल्ने छ । प्रतियोगितामा विजेताले नगद ५५ हजार रुपैयाँ, मेडल र प्रमाणपत्र पाउने छन् भने उपविजेताले ३५ हजार रुपैयाँ, मेडल र प्रमाणपत्र पाउने नगरपालिका नगरप्रमुख कारीराम यादवले बताए । प्रतियोगितामा १६ जना खेलाडी, १ जना कोच र १ जना अफिसियलसहित १८ जना एक समूहमा सहभागी हुनेछन् । खेलकुदले मानव स्वास्थ्यका लागि महत्वपूर्ण भूमिका खेल्ने बताउँदै मन्त्री भट्टराईले यसपटकको बजेटमा खेलकुदलाई उद्योगसँग जोड्ने बताए । स्थानीय तहमा हुने हरेक कार्यक्रममा युवालाई सहभागी बनाएर राष्ट्रिय खेलाडी उत्पादन गर्न तीनै तहका सरकार लाग्नुपर्नेमा मन्त्री भट्टराईले जोड दिए । प्रतियोगिताले नयाँ खेलाडी उत्पादन तथा खेलको विकासमा थप टेवा पुग्ने सबैला नगरपालिकाका नगरप्रमुख कारी राम यादवले बताए । पहिलो पटक सबैला नगरपालिकाले खेलकुदमा खेलाडीको आकर्षण बढाउन जिल्ला स्तरीय फुटबल खेलको आयोजना गरेको हो ।


## बीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बीरगंज, पर्सा, मधेश प्रदेश

### विषयः बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना

प्रथम पटक प्रकाशन मिति : (२०८१/०१/३१ गते)

यस बी.म.न.पा.अन्तर्गत आ.व.२०८०/०८१ मा यस कार्यालयको मिति२०८०/१२/२० गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमका ठेक्का कार्यको लागि बोलपत्र आवहान गरिएको र मिति २०८१/०१/२२देखि मिति २०८०/१०/२५ गते खोलि मुल्यांकन गर्दा न्युनतम अंक कबोल गरेको देहाय बमोजिमको बोलपत्रदाता सफल हुन आएकोले सार्बजनिक खरिद ऐन,२०६३ को दफा २५,२७ र बीरगंज महानगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७७ को दफा ६९,७० अनुसार सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गरि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्रस. | ठेक्का न. | सफल भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट समेत) रु. | %घटी |
|---|---|---|---|---|
| १ | BMC/NCB/WORKS/2080/081/32 (Maintenance of Black Top Road Near Education Office bazar chhapkaiya in ward 3.) | AbhiContruction,Birgunj-Parsa | २९९९७६८.११८ | -३८.४४% |
| २ | BMC/NCB/WORKS/2080/081/33 (Maintenance of Black Top Road From Nagwa school to tapasirautkurmi house in ward 16.) | Royal Construction,Bahudarmai-7,parsa | १५४६२५३.५९ | -३५.४५% |
| ३ | BMC/NCB/WORKS/2080/081/34 (Maintenance of Black Top Road From RadhemaiChowk to Trial Center in ward 13.) | RashikaNirman Sewa,Nichuta-1,parsa | ३३५८४७०.५ | -४६.०१% |
| ४ | BMC/NCB/WORKS/2080/081/35 (Maintenance of Black Top Road From S.S Steel factory to little flower school to small bridge in ward 21.) | RashikaNirman Sewa,Nichuta-1,parsa | ३४९७६२१.२७ | -४४.८९% |
| ५ | BMC/NCB/WORKS/2080/081/36 (Maintenance of Black Top Road From AshokbatikatoThakur Ram Girls Hostel Center in ward 10.) | RashikaNirman Sewa,Nichuta-1,parsa | २२६२२२५.७६ | -४४.८९% |


# सर्लाहीमा दश महिनामा १६१ घर जले

**रासस**
**सर्लाही ।**
सर्लाहीमा चालु आर्थिक वर्षका १० महिनामा भएका आगलागीका घटनाबाट एक सय ६१ घर जलेका छन् भने करोडौँको धनमाल जलेर नोक्सानी भएको छ । जिल्लाका विभिन्न स्थानमा भएका एक सय २३ वटा आगलागीका घटनाबाट तीनवटा पक्की, एक सय ५८ वटा कच्चि गरेर एक सय ६१ घर जलेका जिल्ला प्रहरी कार्यलय सर्लाहीले जनाएको छ । साथै आगलागीबाट तीन करोड ६८ लाख ७४ हजार ४ सय रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएका र एक जनाले ज्यान गुमाएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार गत श्रावण १९ गते पर्सा गाउँपालिकामा भएको आगलागीमा एक महिलाको जलेर मृत्यु भएको थियो भने आगो निभाउने तथा मालसामान झिक्नेक्रममा आगोले पोलेर आठजना महिला र पाँचजना पुरुष गम्भीर घाइते भएका छन् । घाइतेमध्ये केहीको स्थानीय स्वास्थ्य संस्थामा उपचार भएको र केही अहिले पनि उपचार जारी रहेको छ । कार्यलयका सूचना अधिकारी एवम् प्रहरी नायव उपरीक्षक दिपक श्रेष्ठ आगलागीबाट १७ वटा गोठ जलेर नष्ट हुँदा १३ पशुचौपाया मरेका र दुईवटा घाइते भएको बताए । उनले खाना पकाउन बालेको आगो ननिभाउँदा र बिजुलीको तार सर्ट हुँदा अधिकांश आगलागीका घटना भएका बताए ।

गत वैशाख २० गते जिल्लाको दक्षिणपश्चिम क्षेत्र विष्णु गाउँपालिका–१, बाराउद्योरण गाउँको पुर्वारी टोलमा भएको आगलागीबाट ६१ घर जलेर नष्ट भएका र आगलागीपीडित परविारले कष्टकर जीवन बिताउनुपरेको वडाध्यक्ष बिकाउ ठाकुरले बताए । २० पालिका रहेको सर्लाहीमा दुई पालिकासँग मात्र बारुणयन्त्र छन् । स्थानीय तहले आगलागीका घटना न्यूनीकरण तथा पीडित परिवारको व्यवस्थापनमा ध्यान नदिँदा समस्या भइरहेको स्थानीयको गुनासो छ । नागरिक समाजका अगुवा शिवचन्द्र चौधरीले स्थानीय पालिकाले सम्भावित विपद् जोखिम मूल्याङ्कन, सचेतना अभिवृद्धि तथा पूर्वतयारीमा ध्यान नदिएको बताउँटन् । 'मधेशमा हरेक वर्षका चैत वैशाखमा आगलागी घटनाको उच्च जोखिम हुन्छ भन्ने करा सबैलाई थाहा छ तर जोखिम न्यूनीकरणका लागि पालिकाले न बारुणयन्त्रको व्यवस्थापन गरेका छन् न त अन्य तयारी गरका छन् । यसले साना घटनाबाट पनि ठूलो जोखिम बेहोर्नु परिरहेको छ' उनले भने ।

स्थानीय सामाजिक अगुवा रजनिकान्त झाले अब जिल्लाका हरेक स्थानीय तहले विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण र प्रतिकार्य योजना बनाउन जरूरी रहेको बताए । 'विपद् हरेक वर्ष आउँछ र आकस्मिकरूपमा आउँछ । त्यसकारण यहाँका हरेक पालिकासँग आफ्ना नागरिकलाई विपद्बाट जोगाउने योजना र तयारी हुनुपर्छ' उनको सुझाव छ ।

# धनुषा काठमाडौँ सम्पर्क मञ्चको अध्यक्षमा बराल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमाले धनुषा काठमाडौँ सम्पर्क मञ्चको अध्यक्ष पदमा दुर्गा बराल सर्वसम्मतले चयन भएका छन् ।

मञ्चको शनिबार अबेर साँझ सम्पन्न सम्मेलनको बन्द सत्रले बरालको अध्यक्षातामा २१ सदस्यीय कार्यसमिति पनि सर्वसम्मतले चयन गरेको हो । मञ्चको उपाध्यक्षमा निलाजङ्ग थापा, महिला उपाध्यक्षमा शिला पौडेल, सचिवमा अनिलकुमार आधिकारी,



उपसचिवमा धनराज यादव, उपसचिव (महिला) मा मोनिका साह र कोषाध्यक्षमा शिशिर प्रसाद कोइराला चयन भएका छन् । त्यसैगरी सदस्यमा आसुतोष आधिकारी, रणबहादुर अधिकारी, सुशिलकुमार दहाल, निर्मलकुमार केसी, उपेन्द्र ठाकुर, हरिबहादुर कार्की, प्रोन बहादुर आधीकारी, श्रवणकुमार यादव, रञ्जना श्रेष्ठ, सुनिलकुमार ठाकुर, विवेककुमार झा, सचिन साह, राजकुमारी वाईवा श्रेष्ठ र जीवनकुमार खडका चयन भए । धनुषा गोदार निवासी नवनिर्वाचित अध्यक्ष बराल वकालत पेशामा आबद्ध छन् ।

# वर्षाले राहतः मूल फुट्ने आश

**रासस**
**महोत्तरी ।**
गर्मी बढेर पानीका स्रोतका रुपमा रहेका मुहान सुक्दै गएका बेला एक साताभित्रै दुईपटक वर्षा भएपछि महोत्तरीमा सर्वसाधारणले राहत महसुस गरेका छन् । वैशाखको अन्तिम साताको प्रारम्भ र अन्त्यतिर दुईपटक पानी परेपछि अब पानीका स्रोतका रुपमा रहेका मुहान रसाउने सर्वसाधारणले आश गरेका हुन् । घामको रापले खानेपानीका इनार, चापाकल र खोल्सीका जरुवा सुकेपछि जिल्लाका धेरैजसो बस्तीमा खानेपानीको हाहाकार नै पर्लाजस्तो भइसकेको छ । यसैगरी पोखरी, नदी र खोल्साखोल्सी स्याप्पै सुकेपछि गाईबस्तुलाई पानी खुवाउन, आहाल बसाउन र चर्को घामले घाँसपात डढेपछि चरनको पनि समस्या बढिरहेकामा पानीले सर्वसाधारणमा अब मुहान रसाउने आश जागेको हो ।



'यसै साताको सुरुमा पनि एक दिन राम्ररी नै पानी प¥यो, आज (आइतबार) पनि बिहानैदेखि सिमसिम पानी परिरहेको छ, यसले सुख्खा माटोमा चिस्यान भर्ने र पानीका स्रोतका मुहान रसाउने आश छ' भङ्गाहा–५ कर्पुरगञ्जका ६० वर्षीय रामजुलुम बात भन्छन्,, 'यो पानीले चउर र पर्तीजग्गामा घाँस पलाउला, यसपछि अलि राहत पाइएला ।' अहिले जिल्लाभर नै पानीका स्रोतका रुपमा रहेका मुहान सुक्दै गएका छन् । जिल्लाका उत्तरी क्षेत्रका बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका क्षेत्रका अधिकांश बस्तीमा खानेपानीको हाहाकार नै परेको छ । 'हेर्नोस् न, हाम्रो यो वडाका पाँच टोलबस्तीभित्र ३०० को हाराहारी चापाकल होलान्, कुनैमा पानी झर्दैन' भङ्गाहा–४ का पूर्व वडाध्यक्ष अशोककुमार महतो भन्छन्, 'इनारमा पनि बाल्टिन डुब्न छोडेको छ, खै थोरै पानी त प¥यो, अब मुहान रसाउँछ कि !' आफ्नो वडाका रामनगर, प्रेमनगर, थारुटोल बनरा, पलार र टोका बस्तीका करिब पाँच सय घरधुरीबीच चार÷पाँचवटा इनारबाट खानेपानीको जोहो भइरहेको महतोको भनाइ छ ।

एक साताभित्रै दोस्रोपटक पानी परेपछि यसको सकारात्मक प्रभाव फलपूml, तरकारी र मकै, कोदोसहितका अन्नबालीमा पनि परेको छ । यो साताको पहिलो वर्षालगत्तै सुक्रै लागेको मकै फेरिएको छ । अब चाहिँ मकैमा घोगा लाग्ने आश जागेको बर्दिबास–७ मनहरिपुरकी किसान मुना खत्री बताउँछन् । पछिल्लो साताको दोस्रो वर्षाले आँप, लिची, रुख कटहरलगायतका फलफूलका रुखका जालो र आँपमा लाग्ने मधुवा कीरा पखालिएको किसान बताउँछन् । अब फलफूलका चिचिला, पोटिला र भरिला हुने गौशाला–१२ कालीपुरका महेश्वर महतोको आश छ । यसैगरी घामको रापले ओइल्याउँदै गएका लहरे तरकारी वर्षापछि लहलहाउन थालेको देखिएको छ । वर्षाले अहिले माटोमा राम्रो चिस्यान भएको हुँदा मकै छर्ने, कोदो र धानको ब्याड राख्न अनुकूलता भएको किसानको भनाइ छ । वैशाख मसान्तताकाको यो वर्षाले पानीका स्रोतका मुहान रसाउने र बालीनालीमा अनुकूल प्रभाव पारेपछि किसानलाई अब खडेरीको मारमा नपरिने विश्वास जागेको छ ।

*समय भनेको आफूले सिर्जना गर्ने कुरा हो ।*

*– लाओत्सु*

## सम्पादकीय

# ‘सरकार जाने क्विन्टलका माला’

*उपेन्द्र यादवले आइतबार मात्रै जनकपुरमा एक क्विन्टलको माला लगाए । उनले ‘कुकुर’ सम्म भन्न भ्याए सांकेतिकरुपमा पार्टी फुटाएर जानेहरुलाई । भने, ‘फुटेर आएकाहरु फुटेरै गए ।’ बहुत हल्का राजनीतिक टिप्पणीमा उपेन्द्र यादव फेरि जनतालाई भुलभुलैयामा पार्न चाहन्थे । यस्तै गरेका थिए उनले वीरगंजमा मधेश स्वतन्त्रता दिवसका कार्यक्रममा । स्वायत्त मधेश, संघीयता, आत्मनिर्णयको अधिकारबारे आफैँलाई मात्र नेतृत्व ठान्ने उपेन्द्र यादवले गरेका गफ अब सप्तरीतिर मात्र होइन, बारा–पर्सामा पनि नपत्याउने अवस्था बनेको छ । पार्टीमा दरिला सहकर्मी, सोझा गणित शिक्षक रामसहायप्रसाद यादवलाई उपराष्ट्रपति बनाएर राजनीतिक चरित्र सिध्याइदिए । अनि मधेशमा प्रबल हैसियत बनाएका प्रदीप यादवलाई मन्त्री बनाउने आश्वासन दिएर नबनाइ–नबनाइ सिध्याउन खोज्दा आफैँ सकिए । शक्ति आफूमा निहीत गर्न जोडजाड होइन, फुटाउने मक्सद राख्ने उपेन्द्र यादव प्रदीप यादव बाहिर रहँदा वीरगंजमा मेयर राजेशमान सिंहको घर पनि पुगेका थिए । मिलाउने भन्दा फुटाउने र एउटा पक्ष आफूतिर उभ्याउने उनको सिद्धान्तले अन्ततः उनी आफै ‘बुम¥याङ’मा परेका छन् ।*

*मधेशबाट देशको नेतृत्व गर्ने ठाउँमा पुगेका उपेन्द्र यादव जनकपुर आएको भोलिपल्टै उनको सत्ता ढलेको छ । कम्तीमा मधेशमा जसपाको सत्ता रहने गरी उनले राजनीतिक हैसियत पनि बनाउन सकेनन् । भला आइतबार उनलाई एक क्विन्टलको माला लगाउनेको भिड ठूलै थियो । तर त्यो मालाभित्र उनले समेटेका अनुहारले मधेशलाई कति पोलिरहेको छ, उनले नजरअन्दाज गरिरहँदा सत्ता यति चाँडै ढल्छ भन्ने अपेक्षा थिएन । जबकि, नेकपा एमालेका प्रदेश सांसदहरु भनिरहेका छन्, ‘हामीसँग ६ जना जति उपेन्द्र यादवको पार्टीबाट प्रदेश सांसदहरु पनि सम्पर्कमा छन् ।’ यद्यपि अहिलेसम्म मधेश प्रदेश सभामा जसपा नेपालका सांसदहरु फुटिसकेका छैनन् । लुम्बिनी प्रदेशमा २ जना फुटेका छन् । मधेशमा एकठ्ठा नै छन् । तर ढिलोचाँडो उनीहरु पनि उपेन्द्र यादव, सरोज यादव र सञ्जय यादवको दबदबाको विरोधमा उत्रिने नै छन् । राजनीतिक भविष्य जहाँ सुरक्षित हुन्छ, त्यहीँ उभिने क्रममा अहिले उपेन्द्र यादव कमजोर छन्, उनलाई छाड्नेकै संख्या बढ्नेछ । पछि उपेन्द्र शक्तिमा पुगे फेरि उनीकहाँ आउनेको संख्या बढ्नेछ । बहुमतको घिनलाग्दो राजनीति मधेश र देशमा अचाक्ली फापेकाले अब यो कुकर्म र अपराधमा सीमित छैन, जनताको सेवा गर्ने चाहना हुनेहरुलाई टिकिरहने नैतिक सूत्र पो बनेको छ ! जे होस्, मालाले सत्ता जोगाउँदैन, सत्ता गणितले जोगाउँछ । मधेश सरकार बदनाम हुँदै ओरालो लागेको छ । उपेन्द्र यादवको बहुत प्रिय पात्र हुने नाममा सरोजकुमार यादवलाई चौथोपटकसम्म विश्वासको मत दिनेहरुले समीक्षा गरुन् । पानी बालुवामा हालियो कि माटोमा ? मधेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादव र अर्थमन्त्री सञ्जय यादवकै व्यक्तिगत शैलीका कारण हजारौँ जसपाका नेता कार्यकर्ता निरास भएका छन् । यस्तालाई बोकिरहन पर्ने बाध्यता उपेन्द्र यादवलाई के थियो ? किन उपेन्द्र यादव जनमत नभएका र अरु पार्टीबाट आएकालाई जुरुक्क बोकेर हिजो मधेश आन्दोलनमा साथ दिनेहरुविरुद्द बुरुक्क हुन्छन् ? मधेश जवाफ खोजिरहेको छ, सरोज यादव र सञ्जय यादवहरु होइन ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# व्यवस्था र अवस्था



महेश कठायत

*“संविधान जारी भएपछि बनेका तीन तहकै सरकारसँग नागरिकमा निरासा छ । नागरिकमा देखिएको असन्तुष्टीलाई परिवर्तनको ‘भोक’का रुपमा अथ्र्याउन त सकिला तर समाज व्याप्त निरासालाई नजरअन्दाज गर्न मिल्दैन । समाजमा विद्यमान निरासाका पछाडि कारणहरु खोतल्ने हो भने थुप्रै विषयहरु सतहमा आउँछन् । तर, त्यसको निराकरणको उपाय कसले खोज्ने ?”*

२०७२ सालमा नयाँ संविधान जारी भएका बखत सुनिन्थो,–‘अब व्यवस्था परिर्वतनका लागि गर्नुपर्ने राजनीतिक आन्दोलन सकियो, अब अवस्था परिर्वतनका लागि लाग्नुपर्छ ।’ हुन पनि देशमा राजनीतिक वा अन्य कुनै प्रकारको द्वन्द्व छैन । संविधान जारी भइसकेको अवस्था छ । संविधानमा समेटिन बाँकी थुप्रै विषय हुन सक्छन, तर पनि संविधानलाई उत्कृष्ट मानिएको छ । सबैले स्वीकार गरेका छन् । संविधान कार्यान्वयनमा आएको एक दशक पुग्न लाग्यो । अझ भनौ व्यवस्था बदलिएको त डेढ दशक नै बित्यो । विगतमा पटकपटक भएका राजनीतिक आन्दोलनका उपलब्धीलाई संस्थागत गर्दै देशको विकासमा केन्द्रीत हुनुपर्ने राजनीतिक शक्ति भने अहिले नागरिकको निसाना परेका छन् । जसले गर्दा राज्य सत्ताको तालाचाबी बोकेकाहरुलाई नै अहिलेको व्यवस्थाको औचित्य पुष्टी गर्न मुश्किल परेको छ ।

२००७ सालमा शुरु भएको लोकतान्त्रिक आन्दोलनदेखि आजका दिनसम्म आइपुग्दा पटकपटक व्यवस्था परिर्वतनका लागि आन्दोलन भए । यही अवधिमा दुई तिहाइ बहुमतको जननिर्वाचित सरकारलाई अपदस्थ गरी तीन दशकसम्म चलेको पञ्चायती शासन व्यवस्था पनि अन्त्य भयो । २०४६ सालसम्म आइपुग्दा प्रजातन्त्र पुर्नस्थापना भयो । तर, देशले अपेक्षाकृत प्रतिफल प्राप्त गर्न सकेन । यसका पछाडि मूलतः तीन वटा कारण देखिन्छन् । एउटा राजनीतिक अस्थिरता, दोस्रो माओवादीले थालेको सशस्त्र द्वन्द्व र तेस्रो राजा ज्ञानेन्द्रको असंवैधानिक कदम ।

२०६३ मङ्सिर ५ गतेको विस्तृत शान्ति सम्झौता र त्यसको दुई वर्षपछि २०६५ जेठ १५ गतेदेखि नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बन्यो । दुई पटक संविधानसभा गठन पश्चात अन्ततः २०७२ सालमा संविधान नै जारी भयो । सात दशकमा सात वटा संविधान निर्माण गरेको देशमा विकासको गतीमा भने सुस्तता देखा प¥यो । यसमा शासकको कार्यशैली प्रमुख कारण बन्न पुग्यो । राज्य सञ्चालन गर्ने जिम्मेवारी बोकेकाहरुबाट नागरिको सपनामाथि कुठाराघात हुन पुग्यो । त्यसैको परिणाम अन्ततः आज देशमा बहुआयामिक संकटहरु देखा पर्न थालेका छन् ।

संविधान जारी भएपछि बनेका तीन तहकै सरकारसँग नागरिकमा निरासा छ । नागरिकमा देखिएको असन्तुष्टीलाई परिवर्तनको ‘भोक’का रुपमा अथ्र्याउन त सकिला तर समाज व्याप्त निरासालाई नजरअन्दाज गर्न मिल्दैन । समाजमा विद्यमान निरासाका पछाडि कारणहरु खोतल्ने हो भने थुप्रै विषयहरु सतहमा आउँछन् । तर, त्यसको निराकरणको उपाय कसले खोज्ने ?

देश संघीय संरचनामा गएपछि पनि नागरिकमा असन्तुष्टी बढेको छ । आशा, अपेक्षा र उत्साहमा कमि आएको छ । नागरिकले आफ्ना आधारभूत आवश्यकता पूरा गर्न संघर्ष गर्नु परेको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी जस्ता विषयमा ‘गाउँका सिंहदरबार’हरुले पनि खासै केही गर्न सकेका छैनन् । तीन तहका सरकारबीच समन्वयकारी भन्दा हस्तक्षेपकारी भूमिका बढी देखिएको स्वयम नेतृत्वकर्ताले स्वीकार गर्दै आएका छन् । तल्लो तहको सरकारदेखि माथिल्लो तहको सरकारसम्म ‘राम्रालाई भन्दा हाम्रालाई’ प्राथमिकता दिने परम्परा नै बनेको छ । राज्यका हरेक निकाय राजनीतिक अखडा बनिरहेका छन् । नागरिकलाई सुशासनको अनुभूति दिलाउनुपर्ने सरकार र सरकारका निकायहरु नागरिकप्रति कम राजनीतिक नेतृत्वप्रति बढी झुकाव राख्ने गरेको तीतो सत्य घामझै छर्लङ छ । हरेक राजनीतिक दलमा स्वच्छ छवीको नेता भेटाउन मुश्किल छ । राजनीतिक दलका शक्तिशाली नेताहरु भ्रष्टाचार, अनियमितता र आपराधिक घटनामा मुछिएका समाचार सर्वत्र चर्चाको विषय बनिरहेका छन् । भ्रष्टाचार तथा अनियमितताका घटनाहरुमा निष्पक्ष भएर छानविन गर्नुपर्ने राज्यका जिम्मेवार निकायहरुलाई स्वंम सरकारले कमजोर बनाउँदै लगेको छ । सत्ता र शक्तिको आडमा ‘जेसुकै गरे पनि हुन्छ’ भन्ने गलत अभ्यास स्थापित हुन खोजिदैछ । कुनै पनि आपराधिक गतिविधीमा संलग्न व्यक्तिमाथि छानविन गर्दा प्रमाणभन्दा पहिले व्यक्ति हेरिनु कानुनी शासनको उपहास हो, तर यहाँ विडम्बना छ ।

जनमतबाट चुनिएका र जनताको हितमा काम गर्न भनेर पठाएका जनप्रतिनिधि एउटा अधिवेशनमा केवल एउटा मात्र कानुन निर्माण गरेर राज्यकोषको दोहन गरिरहेका छन् । प्रदेश र केन्द्रमा दलहरु राजनीतिक अस्थिरताको खेलमा खेलिरहेका छन् । त्यसका लागि दलहरु टुटफुटको राजनीतिमा रमाइरहेका छन् । सरकार बनाउने र भत्काउने खेलमा लाग्दा जनताका मुद्दालाई किनारा लगाएका छन् । यसरी जनताका प्रतिनिधिले आफ्नो विवेकलाई बन्धक बनाएर व्यक्तिगत वा दलीय लाभ हानीमा नागरिकको मतको अपमान गर्न मिल्छ ? नागरिकका तमाम मुद्दामा राजनीतिक नेतृत्वले केवल राजनीति गर्दै आएको छ, समाधान गर्न खोजेको देखिदैन । हरेक वर्ष श्रम बजारमा आउँने झन्डै तीन लाख श्रमशक्तिलाई रोजगारीका लागि उचित अवसर दिने सरकारसँग कुनै योजना देखिदैन । ‘देशमा केही पनि हुँदैन’ भन्ने निरासा बोकेर हरेक दिन दुई हजारभन्दा बढी युवा शक्ति विदेशिएको छ । वैदेशिक रोजगार विभागको तथ्याङ्कलाई आधार मान्ने हो भने, ०८० वैशाखदेखि चैतसम्ममा सात लाख ११ हजार नेपाली विदेशिएका छन् । के यसरी विदेशिएको युवाशक्तिलाई देशमै रोक्न सक्ने योजना सरकारसँग छ त ?

नेपाललाई कृषि प्रधान देश भनिएको छ । हरेक वस्तुमा परनिर्भरता बढ्दो छ । विश्वका अधिकांश मुलुकसँग व्यापार गर्दै आइरहेको नेपालको व्यापार घाटा चुलिदै गएको छ । चालु आर्थिक वर्षको नौ महिनामा मात्रै नेपालको वैदेशिक व्यापार घाटा दश खर्ब रुपैयाँभन्दा माथि पुगेको छ । नेपालले १६२ देशसँग व्यापार गरेकोमा १३० देशसँग व्यापार घाटा रहेको सरकारी तथ्याङ्कले देखाउँछ ।

राज्यका निकायहरुले दिने सेवा प्रवाहमा सहजता छैन, ढिलासुस्ती छ । कर्मचारीतन्त्रमा पनि मनपरीतन्त्र हावी हुँदा नागरिकले सास्ती खेप्नु परेको छ । नागरिकको जनजिविकाका सवालहरुमा तीन तहकै सरकार जिम्मेवारी वहन गर्नबाट पन्छिरहेका छन् । नागरिकमा देखिएको व्याप्त निरासलाई लिएर एकथरीले शासकीय संरचना र राजनीति प्रणाली नै फेर्नु पर्ने आवाज उठाएको छ । अहिलेको अवस्था बदल्न पुनः व्यवस्था बदल्नुपर्नेमा उनीहरुको जोड छ । कार्यान्वयनको प्राथमिक चरणमै रहेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था असफल भइसकेको दाबी गर्नेहरु पनि कमि छैन । तर, यसो तर्क गर्नेहरु स्वयंम व्यवस्था बदल्ने धाउन्नमा अवस्था बदल्ने कुरामा मौन भेटिन्छन् ।

भनिन्छ, ‘कुनै पनि व्यवस्था आफैमा सही वा गतल’ भन्ने हुँदैन । त्यो राज्य सञ्चालकहरुको व्यवहारमा भर पर्छ । राज्यको चरित्र कत्तिको लोकतान्त्रिक छ ? भन्ने कुरा शासकको कार्यशैलीबाट थाहाँ हुन्छ । हाम्रो जस्तो लोकतान्त्रिक मुलुकमा लोकतन्त्रका लागि योगदान दिएका दलहरुका गतिविधी लोकतान्त्रिक छन् वा छैन भन्ने विषयलाई समेत नियाल्नुपर्ने हुन्छ । त्यसैले वर्तमान अवस्थामा सतहमा देखिएका तमाम समस्या हल गर्नका लागि राजनीतिक दलहरु बीचको साझा संकल्प जरुरी छ । अहिलेकै व्यवस्थालाई सही सावित गर्न पनि दलहरुले आफ्नो कार्यशैलीमा सुधार ल्याउनुपर्ने छ । जुनसुकै दलको सरकार भए पनि देशको विकास, समृद्धि र सुशासनका मुद्दाहरुमा एकमत र एकजुट हुनु नै अहिलेको आवश्यकता हो ।

# जीवन विज्ञानका उपयोगी कुरा



नेत्र सुवेदी ‘प्रयास’

शास्त्रमा जुन व्यक्तिले मनलाई बसमा राख्न सक्छ ऊ नै सफल हुन सक्छ भनिएको छ । मनलाई तह लगाउने उपाय भनेको साधना हो, योग हो, ध्यान हो, सत्सङ्ग हो र अध्ययन हो । जीवनलाई सही मार्गमा लगाउने बाटो नै जीवन विज्ञान हो । भनिएको छ कि हामीलाई आवश्यक पर्ने पाँच किसिमका धन हुन्छन् । वित्तीय धनले पैसा र सम्पत्तिको स्वामित्वको कुरा गर्दछ, सामजिक धनमा समाजले दिएको स्थान र लोकप्रियता पर्दछ । समयको धनले केही नयाँ काम गर्ने स्वतन्त्रतालाई इङ्गित गर्दछ । भौतिक धनले अरु केही नभएर स्वास्थ्य र तत्परतालाई इङ्गित गर्दछ र आध्यात्मिक धनले मनको शान्ति तथा स्वयम्को सम्मानलाई जोड दिन्छ । शरीर, मन र आत्मालाई बलियो राख्ने शुद्ध राख्ने र कर्मशील राख्ने कलाबाट नै खुसी र समृद्धि प्राप्त हुने गर्दछ । मूलतः विपश्यनाको १० दिने साधना र जीवन विज्ञानका कक्षाहरुमा सहभागी हुँदा योग गुरु रमेश नेपाल र एलपि भानुसँगको प्रवचन तथा जीवन विज्ञान प्रतिष्ठानद्वारा २०७५ सालमा प्रकाशित पुस्तक “समस्या अनेक समाधान एक नामक पुस्तकको अध्ययनबाट प्राप्त ज्ञानले यो आलेख लेख्न प्रेरित गरेको छ । आफूभित्र समाधान खोज्न सक्षम हुनका लागि पनि योग र ध्यानको सहयोग लिँदा शारिरीक, मानसिक, भावनात्मक तथा आत्मिक स्वास्थ्यका साथै आनन्द प्राप्त हुन जान्छ । व्यक्तिले आन्तरिक यात्रा गर्नका लागि प्रथमत अन्तरमुखी हुन जरुरी हुने र पूर्वीय सभ्यता विभिन्न प्रसङ्गहरुको सहयोगले आत्मिक रुपान्तरणको पथ देखाउने र साधनाको असल प्रभाव सम्बन्धमा पुष्टी गर्ने अभियान जीवन विज्ञानमा रहेको छ ।

**अहंकारबाट ॐकारतिरको यात्रा**

हामी सबैमा कुनै न कुनै लेभलको इगो छ, अहंकार छ । व्यक्तिमा हुने शक्तिका दुई वर्ग छन् । पहिलो अहंकारको शक्ति र दोस्रो ॐकारको शक्ति । पहिलो वर्गको शक्ति अर्थात अहंकार समस्याको कारण हो भने दोस्रो शक्ति अर्थात ॐकार भने व्यक्तिको जीवनमा व्याप्त समस्याको समाधान हो । अहंकारबाट सिर्जित चार शक्तिका रुपमा ज्ञानी छु भन्ने अहंकार, शारिरीक बल छ भन्ने अहंकार, साधनाको अहंकार र दैवी शक्तिको अहंकारलाई व्याख्या गरिएको छ । यी सबै अहंकारका रुपले हामीलाई छद्मरुपमा शक्तिशाली अनुभूत गराए पनि, विविध विषयमा केही न केही प्राप्ति भएको जस्तो देखिए तापनि समग्र परिणाममा भने हाम्रो काम राम्रो हुँदैन ।

सुख जस्तो देखिए तापनि दुःखको निर्माणमा ती शक्तिले योगदान गरिरहेका हुन्छन् । परिणाम राम्रो हुनका लागि त अहंकारलाई निर्मूल वा विसर्जन गर्न सक्नुपर्दछ । इन्द्रियले दिने अनुभूतिभन्दा बाहिर जान सक्नुपर्दछ अर्थात इन्द्रियातित हुन सक्नुपर्दछ । त्यस्तो शक्तिलाई ॐकारको शक्ति नाम दिइएको छ । अर्थात हामीमा दोस्रो वर्गको शक्ति पनि आवश्यक पर्दछ अझ भनौँ पाँचाँ शक्तिका रुपमा ॐकारलाई अवलम्वन गर्न सक्नुपर्दछ । ताकि बाँकी चारवटा शक्तिले पैदा गर्ने खरावीलाई न्यूनीकरण वा निर्मूल गर्न सकियोस् । ॐकारको जानकारी राख्ने र साधना गर्ने व्यक्ति मात्र वास्तवमा शक्तिशाली हुन सक्छ । ॐकारको हामिसँग भएर पनि शरीरभन्दा अलग रहेको मानिन्छ । सबै शक्तिको स्रोतचाँहि यही ॐकारको शक्ति मानिएको छ । यो अनुपम आनन्ददायक शक्तिलाई परमात्माको शक्ति पनि भनिन्छ र यो अविनाशी हुन्छ । अहंकाररुपी शक्तिलाई ॐकाररुपी शक्तिमा रुपान्तरण गर्नका लागि निरन्तरको साधना भने आवश्यक पर्दछ र जीवन विज्ञानको मार्गमा साधनाको व्यवस्थित अभ्यास सिकाइन्छ ।

प्रश्न उठ्न सक्छ कि अहमरुपी भारी कसरी बिसाउने ? अहम बढ्दै जाने एउटै कारण छ त्यो के हो भने हामी परिवारमा, सङ्गठनमा, समाजमा केही राम्रो काम भएको छ भने आफ्नै कारणले भएको हो भन्न मन पराउँछौँ । केही अपजस वा असमर्थता आइलाग्यो भने त्यो अरुको कारणले भएको भन्न रुचाउँछौँ । समय पायो कि अरुको कुरा काट्न हामीलाई मजा लाग्छ समय गएको पत्तो नै हुँदैन । संसारको एक कुनामा एउटा झिनो काममा हाम्रो जीविका चलिरहेको छ, होला केही सामाजिक काम तथा मानवसेवाको काम पनि गरेका होलाऔँ तर आफू नभई संसार नै रोकिन्छ, सामाजिक काम अगाडि बढ्दैन, मैले काम नगरी कसरी नतिजा आउला भन्ने खालको हामीले बोकिरहेको अहंकारको महान भारी बिसाउनै पर्दछ । कामको राम्रो परिणाम आउनुमा समाज वा परिवार राम्रोसँग चल्नुमा साथी, परिवार तथा समुदायका सदस्य वा कुनै समूहलाई जस दिन जानिन्छ र अझ राम्रो कामको लागि जब प्रेरक बन्न सकिन्छ अनि मात्र हामी अहंकारको च्यादर हटाउन थाल्दछौँ । यो कार्यका लागि पनि समग्र जगतमा हाम्रो राम्रो वा नराम्रो छुट्याउने शक्ति जगाउन जरुरी हुन्छ ।

**तीन किसिमका फोहर**

संसारमा नयाँ नयाँ रोगले मानव सभ्यतालाई चुनौती दिइरहेको हुन्छ । कहिले त रोगले महामारीकै रुप लिने गरेको छ । यस्तो रोगको कारण विवेचना गर्दा मूलतः फोहोरको कारण रोगको जन्म भएको पाइन्छ । त्यसमा पनि मात्र तीन किसिमका फोहोर मध्ये कुनै एक वा दुई वा तीनको संयोगबाट हामीलाई लाग्ने रोग जटिल हुँदै गएको हुन्छ । ती तीन किसिमको फोहोर भनेको शरिरको फोहोर, मनको फोहोर र वातावरणको फोहोर हो । शरिरभित्र फोहोर कसरी प्रवेश गर्दछ । शरिरभित्र कहाँ कहाँ फोहोर जम्मा भएर बस्छ अनि के कस्ता फोहोरहरु हामीले शरिरबाहिर निष्काशन गर्नुपर्दछ भन्ने महत्वपूर्ण विषय हो । हामीले लिने श्वाससँग, खानेकुरासँग, पिउने कुरासँग शरिरभित्रको फोहोर सम्बन्धित छ ।

रोग लाग्ने र एकबाट अर्कोमा सर्ने प्रकृया कि शरीरको फोहर र कि वातावरणको फोहोरसँग सम्बन्धित हुन्छ । अहिले बढ्दै गएको र विश्वभर भयाभह असर देखाइरहेको मनको फोहोर हो । हाम्रो मनमा जागृत हुने काम, क्रोध, लोभ, मोह, इष्र्या र द्वेषका कारण हामी व्यक्तिगत र सामाजिक रुपमा असल कार्य गर्न सक्दैनौँ । मनको फोहोरको कारण शरीर पनि कमजोर बन्दै जान्छ । यी तीन प्रकारका फोहरको पहिचान गरी फोहोर हुनै नदिने र रहे भएको फोहोर सफा गर्नका लागि साधना आवश्यक छ, असल जीवनप्रणालीको अभ्यास आवश्यक छ ।

**समृद्धिका लागि त्रिशक्ति र त्रिगुणको विकास**

हामी आफ्नो कर्म क्षेत्रमा आत्मा निष्ठाका साथ काम गर्नुपर्दछ । जुन थालमा खायो त्यही थालमा प्वाल पार्ने काम कदापि गर्नुहुँदैन । जीवनलाई सबल, सक्षम र समुन्नत बनाउनका लागि शारीरिक, मानसिक र आत्मिक शक्तिको अभ्यास गर्नुपर्दछ । त्यस्तै दुर्गुणबाट सद्गुणतर्फको यात्रा तय गर्नुपर्दछ । यसको लागि एकैदिनमा एकैछिनमा सम्भव छैन निरन्तरको साधना आवश्यक छ । तेस्रो गुण अर्थात निर्गुण परमात्माको क्षेत्र हो । निर्गुण निराकार निरञ्जन मानिने भगवान हुन् ।

हामी आफूमा भगवत तत्व जगाउन सक्दछौँ । निर्गुण अवस्थामा उपलव्ध हुने अवसरका लागि ध्यान आवश्यक छ । राम्रो नराम्रो, ठीक वेठिक, मेरो तेरो भन्ने भावनाबाट निर्देशित वा विचलित नभई समान रहन सक्ने कला आवश्यक छ । परधर्मो भयावह भनिएको पनि छ । आफ्नो काममा ध्यान कम हुने तर अरुले गर्ने गरेको काममा बढी चासो राख्ने काम घातक हुन्छ । समय बर्बादी गर्ने, अल्छी हुने र अरुको चियोचर्चो गर्ने भन्दा पनि आफ्नो कामलाई माया गरेर समर्पित भावले लागिपर्ने व्यक्तिले मात्र समृद्धि प्राप्त गर्ने क्षमता राख्दछ ।

**खुसी हुने सूत्र**

चयन हाम्रै हो फैसला आफ्नै हो सद्गुण प्रयोग गर्ने वा दुर्गुणहरु प्रयोग गर्ने । दुःख दिने खालका आफैभित्र रहेका खराबी वा अहमका विभिन्न पक्षहरु चिन्न र हटाउन सक्नुपर्दछ । ध्यानबाट प्रेम र शान्ति उत्पन्न हुने हुँदा नियमत ध्यान गर्नु श्रेयस्कर छ । शान्ति, स्थिरता र प्रेममा अहंकारको कामै छैन । तसर्थ, अहंकारप्रति सजग हुनु अति आवश्यक छ । चञ्चल मनलाई एकाग्र गर्न सकेमा मात्र खुशी प्राप्त हुन्छ । अरुसँग प्रेमपूर्ण सम्वन्ध राख्नुपर्दछ । खासगरी कर्मसँग, व्यक्तिसँग, विषयसँग र प्राकृतिक सम्पदासँगको सम्बन्ध प्रेमपूर्ण हुनु जरुरी छ । यसका लागि पनि साधना आवश्यक छ । वास्तवमा हाम्रै जीवनशैली र आनिबानीका कारणले हाम्रो जीवनको फल प्राप्त हुने हो । अर्को शब्दमा भन्नुपर्दा हामी जे खोज्यो त्यही पाउँछौँ सुख वा दुःख ।

विचारको कब्जियत हुनु पनि दुःखको कारण हो । साँगुरो विचार लिनु, आफ्नो र आफ्नाको मात्र चिन्तन गर्नु कदापि राम्रो होइन । के चाँही बुझ्न जरुरी छ भने हाम्रो सबभन्दा नजिक धन सम्पत्ति वा अरु कोही व्यक्ति नभएर हामी आफ्नै शरीर छ यसको हित हुने काम गर्दै अगाडि वढ्न जरुरी छ । यही शरीरमा हामीलाई निरन्तर सताउने हाम्रो मन छ । यो मनलाई ठेगानमा राख्नका लागि पनि हामी श्वासप्रश्वाससँग जोडिएको प्राणायाम साधना, विपश्यनालगायतका योग तथा ध्यान गर्न सक्छौँ । यसको लागि जीवन विज्ञान उपयुक्त स्थान वा प्लेटफर्म हुन सक्छ ।

जीवनलाई सार्थक बनाउने मार्ग सिकाउने विभिन्न सिकाइस्थल छन् । बुद्धले सिकाउनु भएको व्यक्तिभित्र जम्मा भएका क्लेश विसर्जन गर्ने विपश्यनाको स्वयम् अभ्यास कलादेखि ओशो रजनिशले सिकाउनुभएको साधनाको विधिसम्म । डा योगी विकासानन्द, डा राजु अधिकारीलगायत थुप्रै साधकहरुले पूर्वीय सभ्यताको प्राचीन भूमि नेपालमा मौलिक योगाभ्यासको चम्किलो उज्यालो छरिरहेका छन् । जीवन विज्ञान प्रतिष्ठानले केही दिनअघि मात्र लुम्बिनीमा वृहत चक्र विज्ञान साधनाको शिविर सञ्चालन गरेको छ । जीवन विज्ञान सबै उमेर समूहका लागि साधनाको कोर्ष निरन्तररुपमा सञ्चालन गरिरहेको छ । लामो अनुभव र प्रेरणादायी शैलीयुक्त नेपाली गुरुहरुबाट नेपाली आवश्यकता सुहाँउदो साधना कक्षामा सहभागी भएर, युटुवबाट वा पुस्तकबाट सिक्न र आफुलाई रुपान्तरण गर्ने मार्गमा समर्पित हुन हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षाका साथ हरि ॐ । रासस

# सात वर्षमा एक सय ८५ कानुन निर्माण

**रासस**
**बागमती ।**
प्रदेश सञ्चालनका लागि बागमती प्रदेश सरकार धमाधम कानुन बनाउन जुटेको छ । प्रदेश सञ्चालनका लागि कानुन आवश्यकपर्ने भएकाले कानुन निर्माणलाई प्रदेश सरकारले प्राथमिकता दिएको हो । प्रदेश सरकार गठन भएको करिब सात वर्षको अवधिमा प्रदेश सरकारले हालसम्म ऐन, अध्यादेश, नियमावली, निर्देशिका गरी एक सय ८५ कानुन निर्माण गरिसकेको छ । प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार हालसम्म ६३ ऐन, १४ अध्यादेश, २६ नियमावली, तीन विनियमावली, आठ निर्देशिका, ५५ कार्यविधि, नौ मापदण्ड र सात आदेश जारी भइसकेका छन् ।

प्रदेशसभाबाट पारित भई जारी भएकामध्ये १४ ऐन, १३ नियमावली, एक÷एक विनियमावली र निर्देशिका, नौ कार्यविधि, दुई मापदण्ड र सात आदेश संशोधन भइसकेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रवक्ता मनुका घिमिरेले जानकारी दिइन् । उनका अनुसार जारी भएका १४ अध्यादेशमध्ये चार प्रतिस्थापन, छ वटा निष्क्रिय र तीन जारी भएका छन् । हालसम्म दुई नियमावली, पाँच कार्यविधि, दुई आदेश र एक मापदण्ड खारेज भएको उनको भनाइ छ ।

प्रदेश सरकार सञ्चालन गर्न आवश्यक अधिकांश ऐन कानुन प्रदेश सरकारले निर्माण गरिसकेका अन्य कतिपय ऐन, अध्यादेश, विनियमावली निर्माणका क्रममा रहेको उनको भनाइ छ । पछिल्लो पटक शनिबार मात्रै प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले प्रदेश उच्च शिक्षा ऐन, २०७८ लाई संशोधन गर्न अध्यादेश जारी गरेका छन् । प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०, विज्ञान प्रविधि नवप्रवर्तन तथा विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० र प्रदेश स्वास्थ्य ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०८० सम्बन्धी विषयगत समितिमा छलफलका क्रममा रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले जानकारी दिए ।

यस्तै गत बिहीबार बसेको प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले नमुना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० को पहिलो संशोधन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मापदण्ड २०८१ र खरको छानो मुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन पहिलो संशोधन कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरेको थियो । यसबाहेक अन्य मन्त्रालयका धेरै विधेयक बनाउन सैद्धान्तिक सहमति पाइसकेको र निर्माणको चरणमा रहेको सचिव दर्जीको भनाइ छ । 'मन्त्रालयका कानुनका विषयमा विज्ञहरुसँग छलफल र अन्तक्रिया चलिरहेको छ' उनले भने, 'कानुनका लागि सैद्धान्तिक सहमति मागेर अगाडि बढिरहेका छौँ ।' सैद्धान्तिक सहमति पाएपछि कानुन निर्माणलाई प्राथमिकता दिने गरेको उनको भनाइ छ । नेपालको संविधान २०७२ को अनुसूची ७ मा प्रदेश सरकारको अधिकार कार्यान्वयन गर्ने अधिकांश कानुन बनाइसकेको प्रदेश सरकारले अब स्थानीय तहको कानुन निर्माणलाई तीव्रता दिने प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री गङ्गानारायण श्रेष्ठले बताए ।

'संवैधानिक अधिकारभित्र रहेर प्रदेश कानुन निर्माण ग¥यौं, अझै गर्दै पनि छौं', मन्त्री श्रेष्ठले भने, 'कानुन बाँझिनसक्ने भएकाले तीनै तहको सरकारसँग समन्वय गरेर कानुन बनाउने कार्य गरिरहेका छौँ, स्थानीय तहको कानुन सम्बन्धमा कानुन सचिवदेखि स्थानीय कानुनी सल्लाहकार, विज्ञहरु, मुख्य न्यायाधिवक्तासँग राय सुझाव मागेर अगाडि बढिरहेका छौँ, सङ्घीय सरकार र कानुन मन्त्रालयसँग पनि छलफल भइरहेको छ ।' समन्वय र सहकार्य गरेरै स्थानीय तहको कानुन बनाउन जुटे पनि अपेक्षाकृतरुपमा स्थानीय तहसँग समन्वय हुन नसक्दा यस्तो कानुन निर्माणमा ढिलाइ भएको मन्त्री श्रेष्ठको कथन छ ।

# सरकारद्वारा नीति तथा कार्यक्रमबारे संसदलाई जानकारी

**रासस**
**काठमाडौँ ।**
सरकारले सभामुख देवराज घिमिरे सहित संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रमुख सचेतकलाई आगामी आर्थिक वर्ष २०८१÷८२ को नीति तथा कार्यक्रमको तयारीका बारेमा जानकारी गराएको छ । सभामुख घिमिरेको पहलमा उनकै कार्यकक्षमा बसेको प्रमुख राजनीतिक दलका प्रमुख सचेतकसहितको बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले सरकारको आगामी नीति तथा कार्यक्रमको तयारीबारे अवगत गराएका हुन् ।



उनले भने, 'सङ्घीय संसद्को संयुक्त सदनमा आगामी जेठ १ गते नीति तथा कार्यक्रम पेस गर्ने कार्यक्रम छ, सरकारका तर्फबाट सम्पूर्णरुपले त्यसमा तयारी रहेको जानकारी गराएँ, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने विषयमा नेपाली कांग्रेसले सहयोग गर्नुपर्छ ।' बैठकमा सभामुख घिमिरेले नीति तथा कार्यक्रमको प्रस्तुति कसरी अघि बढाउने भन्ने सन्दर्भमा सहमतिको बाटोबाट अघिबाट अघि बढौँ भनी प्रमुख प्रतिपक्षसहितका दललाई आग्रह गरेको मन्त्री गिरीले जानकारी दिए । उनले भने, 'प्रमुख प्रतिपक्षले आफ्नो मुद्दा सम्बोधन नभएसम्म सदन चल्न सक्दैन भन्ने विषय अनुपयुक्त हो भन्ने लाग्छ । समग्रमा सहकारीका समस्या समाधान गर्न राय–सुझाव दिन सकिने भएकाले ठोस कदम चाल्न सरकार गम्भीर छ ।'

कानुनमन्त्री गिरीले प्रमुख प्रतिपक्ष दलले उठाउँदै आएका विषय आफ्नो ठाउँमा छलफलका विषय बन्न सक्ने भए पनि संसद्ले सहकारीका सबै हिसाब–किताब हेर्ने र छानबिन गर्ने विषय उपयुक्त र न्यायसम्मत कुरा नभएको बताए । उनले भने, 'उपप्रधानमन्त्रीलाई आफ्ना भनाइ राख्न रोष्ट्रममा जान नदिने, वेल घेराउ गर्ने असंसदीय कुरा हो । पुरानो अनुभवी राजनीतिक पार्टी भएकाले कांग्रेसले जिम्मेवारीबोधका साथ प्रस्तुत हुनुपर्छ ।' प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले पार्टीले निरन्तररुपमा उठाइरहेको सहकारीको रकम अपचलनको छानबिन गर्न संसदीय छानबिन हुनुपर्छ भन्ने विषयलाई बैठकमा व्यक्त गरेको प्रतिक्रिया दिए । उनले भने, 'तुलनात्मकरुपमा सदन प्रतिपक्षलाई बढी चाहिन्छ । सरकारले संसद् अवरुद्ध गर्ने स्थिति निर्माण गरी प्रतिपक्षका लागि न्याय गरिरहेको छैन । विश्वास गरौँ सरकारले समिति निर्माण गर्ने कुरालाई अघि बढाउनेछ ।'

जनताका जल्दाबल्दा विषयमा प्रश्न उठाउने, छलफल गर्ने, निष्कर्षमा पु¥याउने कार्य संसद्को भएको जनाउँदै उनले सहकारीमा भएका रकम हिनामिनाका विषय सदनमै उठाउने होला नि भनी प्रतिक्रिया दिए । उपयुक्त थलोमा, उचित ढङ्गबाट आफूहरुले विषयवस्तु उठाएकाले त्यहीँबाट माग सम्बोधन गरिनुपर्ने बताउँदै प्रमुख सचेतक लेखकले आफूहरुले राखेका मागको सम्बोधन गर्ने र गाँठो फुकाउने जिम्मा सरकारबाट लिइने कदममा भरपर्ने भएकाले आगामी कार्यक्रम त्यस आधारमा निर्धारण हुने बताए । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रमुख सचेतक महेश बर्तालाले संसदीय समिति गठनका लागि सरकारसँग माग गर्ने कार्य नै कानुन र निमयसम्मत नरहेकाले बताए । उनले भने, 'सरकारले संसद्लाई यो समिति बनाउन वा नबनाउन भनेर निर्देशित गर्न सक्दैन । गम्भीर विषय यहाँनेर छ । कांग्रेसले समिति होइन, सरकार माग गरेको हो, त्यो सम्भव छैन ।' राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले आगामी नीति तथा कार्यक्रमकाबारे कसरी सहमतिका साथ अघि बढ्ने भन्ने विषयमा केन्द्रित रही छलफल भएको बताए । उनले भने, 'बैठकमा सहकारीको रकम हिनामिना भएको सन्दर्भमा छानबिन समिति गठन गर्ने कि नगर्ने भन्ने विषयमा पनि आफ्ना कोणबाट गहन छलफल भयो ।'

# नेकपा एसको पोलिटब्यूरो बैठक बोलाइयो




**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को पोलिटब्यूरोको बैठक बोलाइएको छ । पार्टीको आसन्न राष्ट्रिय महाधिवेशनमा पेस हुने प्रतिवेदनसहितका मस्यौदामा छलफल गर्न आज (सोमबार) बैठक बोलाइएको हो । पोलिटब्यूरो सदस्य दिलु पन्तका अनुसार बैठकमा पार्टीको राजनीतिक, समाजवादी कार्यक्रम, साङ्गठनिक प्रतिवेदन, विधान संशोधन प्रतिवेदनको मस्यौदा प्रस्तुत गरिने छ । पार्टीको आइतबार सम्पन्न स्थायी कमिटीका निर्णय उपर पनि बैठकमा छलफल हुनेछ । बैठकले आगामी जेठ १ र २ गते आह्वान गरिएको केन्द्रीय कमिटी बैठकमा प्रस्तुत हुने कार्यसूची अनुमोदन गर्नेछ ।

एकीकृत समाजवादीको राष्ट्रिय महाधिवेशन आगामी असार १६ देखि २० गतेसम्म काठमाडौँमा हुँदैछ । सोही महाधिवेशनमा प्रस्तुत हुने प्रतिवेदनको मस्यौदामा पोलिटब्यूरो बैठक र त्यसलगत्तै बस्ने केन्द्रीय कमिटी बैठकले दिएको सुझावको आधारमा त्यसलाई पूर्णता दिने नेत्री पन्तले बताइन् ।

# संसद्को गतिरोध अन्त्य हुन्छः प्रधानमन्त्री

**रासस**
**चितवन ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले केही दिनमा नै संसद्को गतिरोध अन्त्य हुने विश्वास व्यक्त गरेका छन् । उनले भने, 'संसद्को गतिरोध अन्त्य गर्ने विषयमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका शीर्षनेतासँग म संवादमा नै छु, भोलि बेलुकका अथवा पर्सि बिहानसम्म संसद्को गतिरोध अन्त्य हुन्छ ।' आइतबार यहाँ पत्रकारहरुसँग कुराकानी गर्दै प्रधानमन्त्री दाहालले नीति तथा कार्यक्रमलाई अन्तिम रुप दिएर आफूले राष्ट्रपतिलाई भेट गरेको जानकारी दिए । उनले भने, 'आगामी जेठ १ मा राष्ट्रपतिले संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुहुन्छ । यसको तयारी पूरा भइसकेको छ ।'



सरकारले नीति तथा कार्यक्रमलाई अन्तिम रुप दिइसकेको जनाउँदै उनले राष्ट्रपतिको सम्बोधनमा संसद्मा कुनै समस्या नहुने बताए । उनले भने, 'कांग्रेस संसद्को यति धेरै वकालत गर्ने पुरानो पार्टीले राष्ट्रपतिको सम्बोधनमा असहज बनाउँछ भन्ने मलाई विश्वास लाग्दैन ।'

कांग्रेसका नेताहरुसँग संसद् खुलाउने कुरामा गम्भीर रुपमा छलफल भइरहेको उहाँको भनाइ छ । सहकारी पीडितको समस्या समाधानका सन्दर्भमा उनले भने, 'खासगरी गृहमन्त्रीले पनि समिति बनाउनेमा सैद्धान्तिक रुपमा विरोध गर्नुभएको छैन ।' आइतबार बिहान आफूले कांग्रेसका नेताहरुसँग पनि सदन खुलाउने कुरामा छलफल गरेको प्रधानमन्त्री दाहालको भनाइ छ । सामान्यतया सबै समस्याग्रस्त सहकारीका बारेमा अध्ययन गरेर प्रतिवेदन दिने कुरामा सहमति भयो भने त्यसका लागि कोसिस गर्ने कुरामा सकारात्मक छलफल भएको उनले बताए ।

पत्रकारहरुको प्रश्नमा उनले जीवि राईलाई सरकारले भगाएको भन्ने कुतर्क कसैले पनि गर्न नहुने बताए । उनले भने, 'जीवि राईलाई स्वदेश ल्याउनुपर्छ भन्नेमा सरकार प्रस्ट छ । राहदानीको विषयले केही समस्या भएको छ । अघिल्लो सरकारले, प्रधानमन्त्रीले वा गृहमन्त्रीले भगाएको भन्ने कुरा बेतुकको कुरा हो ।'

फरक प्रसङ्गमा राष्ट्रिय सहमतिको वातावरण बनाउन आफूले जहिले पनि कोसिस गरेको उनको भनाइ छ । उनले भने, 'अघिल्लो पटक समीकरण 'ब्रेक' हुनुमा कांग्रेसलाई राष्ट्रपति दिएर सबै प्रमुख दललाई प्रमुख सिट बनाऊँभन्दा बिग्रिएको हो । कांग्रेसले मलाई 'नेगेटिभ' सोच्नुपर्ने कारण छैन । मैले पनि कांग्रेसलाई 'नेगेटिभ' सोच्नुपर्ने छैन ।'

# त्रिविको जग्गा व्यवस्थापनको निम्ति समिति बनाउने तयारी

**रासस**
**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले त्रिभुवन विश्वविद्यालयको जग्गा व्यवस्थापनको निम्ति उच्चस्तरीय समिति गठनको तयारी भइरहेको बताएकी छन् । प्रतिनिधिसभा, शिक्षा, स्वास्थय तथा सूचना प्रविधि समितिको आइतबारको बैठकमा भएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँगको छलफलमा मन्त्री श्रेष्ठले समितिको लागि कार्यजिम्मेवारी तयार भइसकेको जानकारी दिइन् । उनले भने, 'त्रिभुवन विश्वविद्यालयका नाममा भएका सबै जग्गा छानबिन वा अध्ययन गरौँ भन्न समय सीमाका कारण असम्भव काम हुन्छ, त्यसैले निश्चित् ठाउँमा केन्द्रित रहेर तीन महिने अवधि दिएर कामको लागि प्रस्ताव तयार गर्दै छौँ ।'

उनले त्रिविको शैक्षिक पात्रोको प्रभावकारी कार्यान्वयनका लागि विद्यार्थी सङ्घरसङ्गठनसँग छलफल भएको बताइन् । उनले शैक्षिक पात्रो बनाउनका लागि मुख्य भूमिका दलगत रुपमा आबद्ध प्रशासन र कर्मचारी सङ्गठनको एउटै धारणा हुनुपर्नेमा जोड दिइन् । उनले भनिन्, 'जबसम्म दलगत रुपमा रहेको प्रशासन र कर्मचारी सङ्गठनको निचोड एउटै आउँदैन, तबसम्म कार्यान्वयन सहज हुँदैन, एउटा कर्मचारी सरुवा गर्दा पनि आन्दोलन गर्ने, धम्की दिने काम भइरहेको छ ।' त्रिविमा पटक–पटक तालाबन्दीलगायत समस्या राजनीतिक हस्तक्षेपका कारण आएका कारण राजनीतिक दलका शीर्ष नेतासँग नै छलफल गर्नुपर्ने उनको भनाइ छ । विश्वविद्यालयलाई राजनीतिकरण नगर्न उनले आग्रह गरिन् ।

बङ्गलादेशको छात्रवृत्तिको विषयमा दुई देशबीचको सम्बन्धको पनि विषय भएकोले कूटनीतिक रुपमा समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले विदेशी विश्वविद्यायको अनुमतिका लागि समिति बनाएर नीतिगत कमजोरी के हो भन्नेबारेमा बुझ्न लगाएको जानकारी दिइन् । त्रिविको सेवा आयोगको सदस्यको नियुक्ति लागि प्रक्रिया अगाडि बढिसकेको उनको भनाइ छ । शिक्षा मन्त्रालयका सचिव डा दीपक काफ्लेले शैक्षिक क्षेत्रमा देखिएका समग्र समस्या समाधानका लागि मन्त्रालयले सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

**त्रिविको सम्पत्ति संरक्षणमो जोड**

सांदहरुले त्रिभुवन विश्वविद्यालयको सम्पत्ति संरक्षण गर्नुपर्नेमा जोड दिएका छन् । प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठकमा भएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँगको छलफलका क्रममा सांसदहरुले सो विश्वविद्यालयको सम्पत्तिको संरक्षण हुन नसकेको, हिनामिना र दुरुपयोग भइरहेको भन्दै विश्वविद्यालय नै सम्पत्तिको रक्षा तथा संरक्षण गर्नुपर्नेमा जोड दिएका हुन् ।

सांसद बद्री पाण्डेले विश्वविद्यालयले आफैले जग्गासम्बन्धी समस्या समाधान गर्नुपर्ने मा जोड दिए । उनले भने, 'त्रिभुवन विश्वविद्यालयको जग्गा विश्वविद्यालयले नै संरक्षण गर्न सकेन भन्ने सुनिन्छ, यो के हो ?, विश्वविद्यालयको जग्गामा विभिन्न सङ्घ÷संस्था बसेका छन्, भाडामा बसेकाले लामो समयदेखि भाडा नै दिएका छैनन् भन्ने विषय उठेको छ, त्रिविको सम्पत्ति त्रिविले नै संरक्षण गर्नुपर्छ भन्ने हाम्रो भनाइ हो ।' उनले उच्च शिक्षा र माध्यामिक शिक्षालाई कसरी अगाडि बढाउने हो भन्ने बारेमा विश्वविद्यालयले गम्भीरतापूर्वक सोच्नुपर्ने बताए । सांसद ज्ञानु बस्नेत सुवेदीले विश्वविद्यालयको सम्पत्ति संरक्षणमा जोड दिँदै शैक्षिण प्रणालीमा सुधारको खाँचो औँल्याए । त्रिविका सम्पूर्ण समस्याहरु जतिसक्दो चाँडो समाधान हुनुपर्ने उनको भनाइ थियो ।

सांसद विद्या भट्टराईले विद्यार्थीले पाउने मौका परीक्षाबारे त्रिविको नीति प्रष्ट हुनुपर्ने धारणा राखिन् । 'त्रिविले निकाल्ने हरेक विज्ञापनमा मनोमानी किन हुन्छ, निष्पक्ष किन हुँदैन, त्रिवि पटक–पटक विवादमा किन आइरहेको हुन्छ, त्यसबारेमा त्रिविको नेतृत्व तहले गम्भीरतापूर्वक सोच्नुपर्ने बेला आएको छ' उनले भनिन् । सांसद देवेन्द्र पौडेलले त्रिविलाई व्यवस्थित प्रणालीमा लैजानका लागि राजनीतिक हस्तक्षेप हुन नहुने बताए । उनले त्यसो भएको भए आम जनताले थाह्रा पाउनुपर्ने र समाधान खोज्नुपर्ने बताए । सांसद डा तोसिमा कार्कीले बङ्लादेशको छात्रवृत्तिबारे प्रस्ट पार्नुपर्ने माग गरिन् । समितिका सभापति अम्मरबहादुर थापाले बङ्गलादेशको छात्रवृत्तिबारेमा विद्यार्थी छनोटका क्रममा दुई देशबीचको सम्झौताअनुसार भएको छ वा छैन भन्नेबारे प्रष्ट हुनुपर्ने बताए । उनले त्रिविको समयमा परीक्षा नहुने र उत्तरपुस्तिका हराउने गरेकोमा प्रश्न उठाए । सांसदहरुले त्रिविका उपकूलपति प्रा डा केशरजङ्ग बराल समक्ष त्रिविको जग्गाको समस्या, मौका परीक्षा, उत्तरपुस्तिका हराउने र बङ्लादेशको एमबिबिएस छात्रवृत्तिबारे प्रश्न उठाएका थिए ।

# अद्यावधिक नगर्ने सहकारीलाई कारबाही गर्दै कामपा

**रासस**
**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले आफ्नो कार्य क्षेत्रमा सञ्चालित केही सहकारीले नियमित रुपमा विवरण अद्यावधिक नगरेको भन्दै यस्ता सहकारीलाई पहिचान गरी बारबाही गर्ने जनाएको छ । हाल कामपामा एक हजार नौ सय ५३ सहकारी सञ्चालनमा छन् । जसमध्ये नौ सय ५५ ले मात्रै नियमितरूपमा वार्षिक विवरण पेस गर्ने गरेका कामपाले जनाएको छ ।

कामपा सहकारी विभागका प्रमुख बलराम त्रिपाठीले सञ्चालनमा रहेका ५० प्रतिशतले मात्रै विवरण पेस गर्ने गरेकाले विवरण पेस नगर्नेका लागि अनुगमन गरी कारबाहीको दायरामा ल्याउने गरी काम भइरहेको जानकारी दिए । नियमानुसार प्रत्येक सहकारीले एक वर्षभरि के गरे र के गर्दैछन् भन्ने विषयमा जानकारी गराउनुपर्ने हुन्छ । प्रमुख त्रिपाठीका अनुसार विवरण पेस गर्नका लागि विभागले दिएको पटक–पटकको सूचनालाई बेवास्ता गरेपछि अनुगमन सुरु गरिसकेको र अनुगमनको क्रममा दोषी ठहर भएकालाई कारबाही सुरु गर्ने तयारी विभागको रहेको छ । अनुगमनका क्रममा विवरण नबुझाउनेलाई नियमित काम कारबाहीमा रोक लगाउने तथा अनुमति खारेज गर्ने सम्मको तयारी कामपाको छ । संवैधानिक व्यवस्थाअनुसार विसं २०७५ साउन १ गतेदेखि देशका सबै डिभिजन सहकारी कार्यालय खारेजी भई सम्बन्धित स्थानीय तहले सहकारी नियमन र अनुगमन गर्नुपर्ने व्यवस्था छ । सहकारी स्थानीय तहलाई हस्तान्तरण हुनुअघि विसं २०७४ मा नै कामपाले सहकारी ऐन जारी गरिसकेको थियो । कामपामा सोही ऐनअनुरुप सहकारी सञ्चालन भइरहेका छन् ।

कामपामा रहेको जम्मा सहकारीमध्ये एक हजार छ सय २८ वटा बचत तथा ऋण सहकारी, दुई सय ६४ वटा बहुउद्देश्यीय सहकारी, तीन वटा श्रमिक सहकारी, १५ वटा कृषि सहकारी, १३ वटा उपभोक्ता सहकारी, तीन वटा सीपमूलक सहकारी, दुई वटा शिक्षा सहकारी छन् । सञ्चार, पर्यटन, चिया र साझा क्षेत्रका जम्मा एक/एक वटा सहकारी रहेका छन् ।

# काठमाडौँ उपत्यकाका उद्योग अन्यत्र सार्नुपर्छः मन्त्री



**रासस**
**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले काठमाडौँ उपत्यकाको सौन्दर्यताका लागि सकेसम्म यहाँका उद्योगलाई बाहिर सार्नुपर्ने धारणा व्यक्त गरेका छन् ।

ग्रील तथा स्टील व्यवसायी महासङ्घ नेपालका विभिन्न मागसहितको आइतबार मन्त्रालयमा ज्ञापनपत्र बुझ्दै उनले भने, 'विकसित मुलुकमा सहरी क्षेत्रभन्दा टाढा छुट्टै स्थानमा उद्योग निर्माण गरिएका छन्, हामी कहाँ पनि सुरक्षित ठाउँमा औद्योगिक क्षेत्र निर्धारण गरेर त्यहाँ उद्योग निर्माण गर्नुपर्छ ।' उनले क्षेत्र निर्धारण गरेर उद्योगका लागि आवश्यक पूर्वाधार निर्माण सरकारको जिम्मेवारी भएको बताए । मन्त्री भण्डारीले ग्रील तथा स्टील व्यवसायीका मागका सन्दर्भमा उद्योग मन्त्रालयबाट अधिकत्तम माग सम्बोधन गर्ने प्रतिबद्धता जनाउँदै व्यवसायीलाई नयाँ प्रविधिको प्रयोग गर्न आग्रह गरे ।

अन्य मुलुकबाट कच्चा पदार्थ ल्याएर प्रतिस्पर्धा गर्न नसकिने उल्लेख गर्दै उनले यहाँ उत्पादन हुने वस्तुको बजार माग बढाउन विदेशी सामग्री प्रतिस्थापन गर्नुपर्नेमा जोड दिए । महासङ्घका अध्यक्ष ठूलोबाबु श्रेष्ठको नेतृत्वको टोलीसित मन्त्री भण्डारीले नेपालमा उत्पादन हुने सामग्री विदेशबाट आयात गर्दा भन्सार महसुल बढाउनुपर्ने धारणा राखे । उद्योग मन्त्रालयले भन्सार महसुल बढाउने विषयमा अर्थ मन्त्रालयसित समन्वय गर्ने प्रतिबद्धता जनाउँदै उनले व्यवसायीलाई अर्थ मन्त्रालयको ध्यानाकर्षण गराउन आग्रह गरे । साथै मन्त्री भण्डारीले ग्रील व्यवसायीलाई नयाँ प्रविधिमा आधारित विभिन्न सीप तथा तालिमका लागि मन्त्रालयबाट सहयोग रहने प्रतिबद्धता जनाए । महासङ्घले ग्रील तथा स्टील व्यवसायलाई व्यवस्थित ढङ्गबाट सञ्चालन गर्ने वातावरण बनाइदिनुपर्ने लगायतका विभिन्न सात बुँदासहितको ज्ञापनपत्र बुझाएको छ ।

# राष्ट्रसङ्घीय प्रमुखद्वारा बन्धकलाई रिहा गर्न आह्वान



**एएफपी**
**कुवेत सिटी ।**
संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले आइतबार गाजामा इजराइल–हमास युद्ध, बन्धकहरूको फिर्ता र घेरामा परेको प्यालेस्टाइन क्षेत्रमा मानवीय सहायतामा 'वृद्धि' तुरुन्त रोक्न आग्रह गरेका छन् । 'तुरुन्त मानवीय युद्धविरामका लागि म विश्वको आह्वानलाई दोहोर्याउँछु, सबै बन्धकको बिना शर्त रिहाई र मानवीय सहायतामा वृद्धि होस्' कुवेतमा अन्तर्राष्ट्रिय दाता सम्मेलनलाई गरेको भिडियो सम्बोधनमा उनले भने, 'तर युद्धविराम सुरुआत मात्र हुनेछ, यो युद्धको विनाश र आघातबाट फर्किन धेरै समय लाग्नेछ ।'

गाजामा इजराइली आक्रमण आइतबार पनि जारी रहेको छ । सहरको पूर्वी क्षेत्रहरूमा सैन्य घुसपैठका बारेमा अन्तर्राष्ट्रिय आलोचनाका बाबजुद इजराइलले रफाहका लागि निकासी आदेश विस्तार गरेपछि प्रभावकारीरूपमा मुख्य सहायता क्रसिङ बन्द भएको छ । 'गाजामा युद्ध भयानक मानवीय पीडाको कारण बन्दै गएको छ भने जीवनलाई तहसनहस बनाएको छ ।

त्यस्तै पारिवारिक विखण्डनलाई बढाएको छ । युद्धले ठूलो संख्यामा मानिसहरूलाई घरबारविहीन, भोक र आघातमा पारेको छ', महासचिव गुटरेसले भने । कुवेतमा अन्तर्राष्ट्रिय इस्लामिक परोपकारी संस्था (आइको) र राष्ट्रसङ्घको मानवीय समन्वय संस्थाले आयोजना गरेको सम्मेलनको उद्घाटन समारोहमा उनको उक्त टिप्पणी आएको हो ।

# नियन्त्रित मुद्रास्फीति, शोधनान्तर र चालु खाता बचतमा



**रासस**
**काठमाडौँ ।**
चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा मुलुकको अधिकांश आर्थिक तथा वित्तीय सूचकहरु सकारात्मक देखिएका छन् । यो अवधिसम्ममा मुद्रास्फीति वाञ्छित सीमाभित्र रहेको छ भने शोधनान्तर स्थिति र विदेशी मुद्रा सञ्चिति बढेको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८०÷८१ को नौ महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार आर्थिक सूचकहरु सुधारोन्मुख देखिएका हुन् ।

राष्ट्र बैंकका अनुसार चैतमा वाार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति चार दशमलव ६१ प्रतिशत रहेको छ ।

अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति सात दशमलव ७६ प्रतिशत रहेको थियो । चैतमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति पाँच दशमलव २१ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति चार दशमलव १४ प्रतिशत रहेको छ । खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत मरमसला उप–समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क २२ दशमलव ६४, तरकारीको १६ दशमलव ९९, दाल तथा गेडागुडीको १० दशमलव ९४, खाद्य तथा खाद्यजन्य पदार्थको सात दशमलव ५९ प्रतिशत र गैर–मदिराजन्य पेय पदार्थको छ दशमलव ०६ प्रतिशतले बढेको छ । घ्यू तथा तेल उप–समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क १० दशमलव १० प्रतिशतले घटेको छ ।

त्यसैगरी, गैर–खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवाहरु उप–समूहको वार्षिक बिन्दुगत मूल्यसूचकाङ्क १२ दशमलव ८१ प्रतिशत, मनोरञ्जन तथा संस्कृतिको १२ दशमलव ६१ प्रतिशत र शिक्षाको सात दशमलव ३१ प्रतिशतले बढेको छ भने यातायात उप–समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क शून्य दशमलव ३३ प्रतिशतले घटेको छ । गत चैत महिनामा काठमाडौँ उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ०६, तराईको चार दशमलव ५८, पहाडको पाँच दशमलव ३३ प्रतिशत र हिमालको चार दशमलव ३२ प्रतिशत रहेको छ ।

राष्ट्र बैंकका अनुसार यो अवधिसम्ममा विप्रेषण आप्रवाह १९ दशमलव आठ प्रतिशतले बढेर १० खर्ब ८२ अर्ब ६२ करोड रुपैयाँ पुगेको छ । यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको संख्या तीन लाख २९ हजार चार सय २२ र पुनःश्रम स्वीकृति लिनेको संख्या दुई लाख १२ हजार सात सय २१ रहेको छ । चैत मसान्तसम्ममा शोधनान्तर स्थिति तीन खर्ब ६५ अर्ब १६ करोड रुपैयाँले र चालु खाता एक खर्ब ७९ अर्ब ४८ करोड रुपैयाँले बचतमा रहेको छ ।

विसं २०८० असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँ बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २४ दशमलव दुई प्रतिशतले वृद्धि भई गत चैत मसान्त सम्ममा १९ खर्ब ११ अर्ब ८६ करोड रुपैयाँ पुगेको छ । चालु आर्थिक वर्षको नौ महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १५ महिनाको वस्तु आयात र १२ दशमलव पाँच महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

यो अवधिमा सरकारको कुल खर्च ९ खर्ब ९ अर्ब ३९ करोड रुपैयाँ र राजस्व परिचालन सात खर्ब ४८ अर्ब ४ करोड रुपैयाँ रहेको छ । त्यसैगगरी, विस्तृत मुद्राप्रदाय सात दशमलव पाँच प्रतिशतले बढेको छ । चैतमा बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन सात दशमलव दुई प्रतिशतले बढेकोछ र निजी क्षेत्रमा प्रवाहित कर्जा चार दशमलव प्रतिशतले बढेकोछ । वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १२ दशमलव पाँच प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर चार दशमलव नौ प्रतिशत छ । तेस्रो त्रैमासिक अवधिसम्ममा आयात दुई दशमलव आठ, निर्यात तीन दशमलव सात र कुल वस्तु व्यापार घाटा दुई दशमलव आठ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ ।

# ऊर्जा मन्त्रालयको भौतिक प्रगति ७८.१८ प्रतिशत




**रासस**
**काठमाडौँ ।**
चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्म ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको भौतिक प्रगति ७८ दशमलव १८ प्रतिशत र वित्तीय प्रगति ७० दशमलव ८२ प्रतिशत बराबर रहेको छ । मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा पेस गरिएको विवरणअनुसार मन्त्रालयको समष्टिगत प्रगति उल्लेख्य रहेको पाइएको हो । मन्त्रालयको ऊर्जातर्फ वार्षिक बजेट ५८ अर्ब १८ करोड २५ लाख रुपैयाँ रहेकामा हालसम्म ४२ अर्ब ९८ करोड १७ लाख रुपैयाँ बराबर भएको छ ।

यस्तै, जलस्रोत तथा सिँचाइतर्फ २५ अर्ब ३६ करोड तीन लाख रुपैयाँ वार्षिक बजेटमध्ये हालसम्म १६ अर्ब १८ करोड ४५ लाख रुपैयाँ बराबर खर्च भएको छ । विवरणअनुसार, ८० देखि एक सय प्रतिशतसम्म भौतिक प्रगति भएका आयोजनाको संख््या १४ छन् । यस्तै, ५० देखि ८० प्रतिशतसम्म भौतिक प्रगति भएका आयोजनाको संख्या ११ छन् । ५० प्रतिशत बराबरको प्रगति भएका आयोजनाको संख्या १३ छन् ।

भौतिक तथा वित्तीय प्रगतिमा उल्लेख्य सफलता हासिल गरेको मन्त्रालयका केही आयोजना भने सुरु नै हुन सकेका छैनन् । वार्षिक कार्ययोजनाअनुसार 'माइलस्टोनहरु'को गत चैतसम्म सुरु हुनुपर्नेमध्ये काम नै सुरु नभएका आयोजनाको संख्या पाँच छन् । त्यसमा महाकाली सिँचाइ आयोजना छ । सो आयोजनाअन्तर्गत दोधारा र चाँदनीमा नहर निर्माण गर्नुपर्नेमा त्यसमा कुनै प्रगति भएको छैन । दोधारा र चाँदनी मूल नहरका लागि भारतको शारदा नहरबाट पाउनुपर्ने पानीको सुनिश्चितता नभएकाले खरिदका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन नसकिएको तथा मुआब्जाका लागिसमेत रकम अपुग भएको मनत्रालयको भनाइ छ ।

सुनसरी मोरङ सिँचाइ आयोजनाअन्तर्गत सुनसरी खोलामा बाँध तथा नहर संरचना निर्माण गर्नुपर्ने थियो । सो काम सुरु नै हुन सकेको छैन । भारतीय अनुदान सहयोगमा सञ्चालित नदी नियन्त्रण आयोजनामा तटबन्ध निर्माण गर्ने भनिएकामा दुई देशका उच्च अधिकारी सम्मिलित बैठक बस्न नसक्दा आवश्यक निर्णय हुन सकेको छैन । त्यसमा खाँडो र बाणगङ्गा नदी नियन्त्रणको कार्यक्रम रहेको छ । यस्तै, पश्चिम राप्ती नदी नियन्त्रण गर्ने कार्यक्रम समावेश थियो । ती आयोजनामा एक÷एक किलोमिटर तटबन्ध निर्माण गर्ने गरी प्रस्ताव गरिएको थियो ।

दूधकोशी जलाशययुक्त आयोजनाको मुआब्जा निर्धारण गर्न स्रोतको अभाव रहेको पाइएको छ । माथिल्लो अरुण जलविद्युत् आयोजनाको पहुँच मार्ग निर्माणका लागि रूख कटानको अनुमति नपाउँदा काम अगाडि बढाउन सकिएको छैन । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार सडक निर्माणमा प्रयोग हुने उपकरण कार्यस्थलमा पुगे पनि वन तथा वातावरण मन्त्रालयले रूख कटानका लागि अनुमति नदिँदा काम नै सुरु हुन सकेको छैन । मन्त्रालय मातहत रहेका राष्ट्रिय गौरवका आयोजनामध्ये तुलनात्मक रुपमा सुनकोशी मरिण डाइभर्सन आयोजनाको प्रगति राम्रो छ । सो आयोजनाको भौतिक प्रगति एक सय ४१ प्रतिशत र वित्तीय प्रगति एक सय १८ प्रतिशत बराबर छ । अटोमेटिक टनेल बोरिङ मेसिन (टिबिएम) ले कूल १३ दशमलव तीन किलोमिटर लामो सुरङ निर्माण सम्पन्न गरेको छ तर बाँध, विद्युत् गृह निर्माणको कामले भने गति लिन सकेको छैन ।

आर्थिक वर्ष २०७१÷७२ मा सुरु भएको भेरी बबई डाइभर्सन आयोजनाको कूल १२ दशमलव २० किलोमिटर लामो सुरङ निर्माण सम्पन्न भए पनि बाँधस्थल, विद्युत् गृहलगायतका काममा अपेक्षित प्रगति हुन सकेको छैन । समितिको बैठकमा जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडीले तोकिएका कामले अपेक्षित परिणाम निकालेको भए पनि सन्तोष मान्ने अवस्था नभएको भन्दै कार्यशैलीमा अझै सुधार जरुरी रहेको बताए । यस्तै, जल तथा ऊर्जा आयोगका सचिव केशवकुमार शर्माले स्रोतको सुनिश्चित गर्न, समस्या देखिएका आयोजनाको समयमै समाधान गर्न आवश्यक पहलकदमी जरुरी रहेको बताए । उनले सामूहिक प्रयासबाट मात्रै समस्याको निराकरण हुने भएकाले त्यसमा ध्यान दिनुपर्ने उल्लेख गरे । ऊर्जा सचिव सुशीलचन्द्र तिवारीले ९५ प्रतिशत भन्दा बढी कार्यप्रगति हुने गरी काम गर्न मातहतका निकाय थप क्रियाशील हुनुपर्ने बताए ।

राष्ट्रिय योजना आयोगका सदस्य डा कुसेन्द्र महतले समस्याको पहिचान, समाधानका उपाय एवम् कार्य विन्यासमा सहजीकरण गरी शत्प्रतिशत परिणाम निकाल्ने गरी काम गर्नुपर्नेमा जोड दिए । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले कार्यशैलीमा सुधार गरी जनअपेक्षा सम्बोधन गर्ने गरी वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा ध्यान दिनुपर्ने बताए । उनले सुरु नै हुन नसकेका आयोजनाको विशेष ध्यान दिन, भएको स्रोतको शत्प्रतिशत सदुपयोग गर्न, संरचनागत र प्रक्रियागत झन्झट समाधानका लागि वस्तुनिष्ठ पहल जरुरी रहेको बताए । हालसम्मको मन्त्रालयको समग्र प्रगति अपेक्षाकृत रुपमा सन्तोषजनक भए पनि यसलाई अझै सुधार गर्नुपर्नेमा जोड दिए ।

# सुदूरपश्चिम र एपीएफको विजयी शुरुवात

**मधेशदृष्टि**
**काठमाडौँ ।**
ललितपुर मेयर्स कप महिला टी–२० क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेश र सशस्त्र प्रहरी बलको एपीएफ क्लबले विजयी शुरुवात गरेका छन् । कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा आइतबार भएको पहिलो खेलमा सुदूरपश्चिमले ललितपुर मेयर्स–११ लाई डकवर्थ लुइस नियमका आधारमा १६ रनले हरायो । ११ ओभरमा ६२ रनको लक्ष्य पछ्याएको ललितपुरले ११ ओभरमा २ विकेट गुमाएर ४५ रन बनाएको अवस्थामा पानी परेर खेल हुन सकेन । ललितपुरकी कप्तान पूजा महतोले नट आउट १४ रन बनाइन् । सुदूरपश्चिमकी जानकी थापा र ऋतु कनौजियाले समान १ विकेट लिइन् ।

यसअघि टस हारेर ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा ६ विकेट गुमाएर १ सय २२ रन बनायो । सुदूरपश्चिमकी कप्तान विन्दु रावलले ३० रन बनाइन् । ललितपुरकी आरती महतो र कृतिका मरासिनीले समान २ विकेट लिइन् । यो जितसँगै सुदूरपश्चिम २ अङ्कसहित तालिकाको दोस्रो स्थानमा छ । ललितपुर २ खेलमा २ अङ्कसहित तेस्रो स्थानमा छ । आइतबार कीर्तिपुरमा भएको अर्को खेलमा एपीएफले कोशी प्रदेशलाई २४ रनले हरायो । वर्षाले प्रभावित खेलमा टस हारेर ब्याटिङ गरेको एपीएफले ५ ओभरमा ३ विकेट गुमाएर ५६ रन बनायो । एपीएफकी इन्दु बर्माले नट आउट ३८ रन बनाइन् । कोशीकी एलिशा खडिया र हिरनमाई रोयले समान १ विकेट लिइन् । ५७ रनको लक्ष्य पछ्याएको कोशीले ५ ओभरमा २ विकेट गुमाएर ३२ रनमात्र बनाउन सक्यो । कोशीकी कप्तान अप्सरी बेगमले नट आउट २५ रन बनाइन् । एपीएफकी सीता राना मगरले १ विकेट लिइन् ।

# ‘स्वस्थकर जीवनका लागि स्वस्थ वातावरण आवश्यक’

**अञ्जली थापा**
**हेटौँडा ।**

ज्येष्ठ नागरिकलाई उहाँहरुको इच्छाअनुसार पारिवारिक वातावरणमा बस्न र रमाउन पाउने अवस्था सिर्जना गर्नु समाजका प्रत्येक नागरिकको दायित्व हो । ज्येष्ठ नागरिक विविध कारणले आफ्ना सन्तानसँग बस्न नसक्ने÷नपाउने अवस्था कहीँकसैले सिर्जना गर्नु हुँदैन । यदि त्यस्तो अवस्था आए समाज तथा राज्यले पारिवारिक वातावरणको महसुस गर्नेगरी टोलटोलमा ज्येष्ठ नागरिक केन्द्रित कार्यक्रम सञ्चालन गर्नु पर्दछ । घरपरिवारमा होस् वा वृद्ध आश्रमहरुमा होस्, ज्येष्ठ नागरिकका लागि स्वस्थ जीवनयापन गर्न स्वस्थकर खाना, शान्त र रमणीय वातावरणसहितको व्यवस्था बनाउनु आवश्यक हुन्छ । बागमती प्रदेश सांसद भारती पाठक स्वस्थकर जीवनका लागि स्वस्थ वातावरण आवश्यक पर्ने बताउनुहुन्छ ।

केही दिनअघि हेटौँडा उपमहानगरपालिका–२ स्थित ॐ वृद्धाश्रममा आश्रित आमाहरुसँगको भेटमा आश्रममा आश्रित आमाबुवालाई स्वस्थकर जीवनयापनका लागि स्वस्थ वातावरण प्रदान गर्न विशेष ध्यान दिनुपर्ने उहाँ बताउनुहुन्छ । सांसद पाठकले सकेसम्म आमाबुवालाई उहाँहरुको इच्छाअनुसार पारिवारिक वातावरणमा बस्न र रमाउन पाउने अवस्था सबैले बताउनुपर्ने बताउनुहुन्छ । वातावरण नबनेको अवस्थामा राज्यले दायित्व बहन गर्नुपर्ने बताउनुभयो । उहाँ आमाबुवालाई आफ्ना सन्तानसँग बस्दा मिल्ने खुसी प्रदान गर्नुपर्ने भन्दै सन्तानसँग बस्न नसक्ने÷नपाउनेका लागि स्थानीय निकायले बुढेसकालको सहारा बन्ने किसिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुहुन्छ । आश्रममा २४ जना आश्रित रहनुभएको आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठ बताउनुहुन्छ । आश्रममा दानबाट आएको खाद्यान्न प्रशस्त हुने गरेको भन्दै लत्ताकपडाका लागि आश्रमको सञ्चित कोषबाट खर्च गर्ने गरिएको उहाँ बताउनुहुन्छ । आश्रममा आश्रित सबै ज्येष्ठ नागरिकका लागि स्वस्थ खाना, रमणीय र सहयोगी वतावरण बनाइएको श्रेष्ठ भनाइ छ । प्रदेशको सामाजिक विकास मन्त्रालयले आश्रममा एक जना नर्सको दरबन्दी दिएकाले स्वास्थ्य उपचारको लागि सहज भएको उहाँ बताउनुहुन्छ । आश्रममा तीन जना आमाबुवाले आफैँ पकाएर खाने गरेको बताउँदै उहाँहरुलाई पारिवारिक वातावरण प्रदान गर्न स्थानीयले सहयोग गरिरहेका छन् ।



‘मेरो साथमा दुई लाख थियो । त्यसले सुगर र प्रेसरको उपचार गर्न भनेर छोराछोरीले लगे । सरकारले दिने भत्ता पनि मैले उनीहरुलाई बुझाउन पदथ्यो । भत्ता लिँदा बिस्कुट खान मन लाग्थ्यो, तर बिस्कुट सम्झँदा पनि मुखमा पानी निकालेर पिउन बाध्य थिएँ । जीवनमा भोकभोकै चक्कर लाग्दा पनि काम गर्नुपर्ने अवस्था आयो ।’ यो भनाइ हेटौँडा उपमहानगरपालिका–२ स्थित ॐ वृद्धाश्रममा आश्रित ६८ वर्षीया चुनकुमारी बस्नेतको हो ।

बस्नेतको सानै उमेरमा विवाह भयो । घरको नजिकै माइती । व्यापारी श्रीमान्सँग उहाँको जीवन खुसीसाथ चलिरहेको थियो । श्रीमान्को मृत्युपछि परनिर्भर जीवन बिताउन बाध्य भएको उहाँले बताउनुभयो । सन्तान नजन्मिएपछि दिदीबहिनीका छोराछोरीलाई आफ्नै सन्तान जसरी नै माया गरेर आफ्नो सबै कुरा सुम्पिएको उहाँको भनाइ छ । तत्कालीन समयमा श्रीमान्को कमाइ प्रशस्तै हुने गरेको बस्नेतले सुनाउनुभयो । खसीबोकाको व्यापार रहेकाले आफ्नो काम बजार लैजान र ल्याइएका खसीबोकालाई घाँस खुवाउने मात्र रहेको उहाँले स्मरण गर्नुभयो । आम्दानी राम्रो भएकाले पनि आफूलाई थप काम गर्नुपर्ने अवस्था नआएको उहाँको भनाइ छ ।

आम्दानीको केही रकम उहाँ आफ्ना दिदीबहिनीका सन्तानको लागि खर्च गर्ने गर्नुहुन्थ्यो । पहिला ती छोराछोरीले पनि ‘हामी छौँ’ भन्ने गरेका बस्नेतले बताउनुभयो । उहाँलाई बज्रपात त तेतिबेला भयो जतिबेला ती छोराछोरीले खाना नदिएर काम लगाउन थाले । उहाँलाई कामको भन्दा पनि वचनले धेरै घोच्न थाल्यो । दिदीबहिनीका १२ सन्तानलाई बस्नेतले आफ्नो सन्तान सरह मायाममता दिनुभयो । त्यसको बदला कहिल्यै केही आशा राख्नुभएन् । श्रीमान्को देहान्तपछि साहराविहीन हुनुभएकी बस्नेतले आफूसँग भएको सम्पत्ति पनि ती सन्तानलाई दिएमा आफ्नो लालनपालन हुने सोंच्नुभएको थियो । उहाँको छोरापर्ने हाल हेटौँडा–९ निवासी आफन्तले पालनपोषण गर्ने आश्वासन दिएर घर जग्गा आफ्नो नाममा राजिनामा पास गर्न लगाएपछि बस्नेतले सहजै गरिदिनुभयो । घर दिएको केही समयपछि छोराले बोलचाल नै बन्द गरिदिएको उहाँले सुनाउनुभयो । त्यसपछि आफूसँग भएको नगदसहित उहाँ बहिनीको छोरीको घरमा आश्रय लिन पुग्नुभयो । आफू सक्षम रहँदा अत्यधिक माया गर्ने छोरीले सम्पत्ति सहिँदै जान र वृद्ध हुन थालेपछि व्यवहारमा परिवर्तन गर्न थालेको बस्नेतले सम्झनुभयो । गहभरि आँसुधारा बगाउँदै उहाँले भन्नुभयो, ‘केही दिनपछि छोरीले काम नगरे खान नदिने भनिन् । मेरो खुट्टा नचल्ने भएको थियो, त्यस्तो अवस्थामा पनि ममाथि उनलाई दया लागेन र भाँडा माझ्न, बढार्न सकिन्छ भन्दै झर्कीफर्की गर्न लागिन् ।’ बस्नेतले लामो सास फेर्दै थप्नुभयो, ‘मेरो घरको सरसमानसहितको नगद उसैलाई बुझाएकी थिएँ । निस्केर कहाँ जानु, रुँदैरुँदै काम गर्न थालेँ । आफूसँग रु दुई लाख थियो, उपचार गर्न भनेर लगिन् । वृद्धभत्ता पनि उनैलाई बुझाउने गरेकी थिएँ ।’ हरेक महिना भत्ता लिँदा बिस्कुट खान पाउने आश लागे पनि एक रुपैयाँ पनि आफ्नो हातमा नपर्ने उहाँले सुनाउनुभयो ।

त्यसपछि सहन नसकेर आफ्नो घर भएको स्थानमा फर्किएपछि खानाका लागि मेलापात जाने र घाँस काट्ने काम सुरु गरेको बस्नेतले बताउनुभयो । स्वास्थ्यले साथ दिन छोडेपछि वडा कार्यालय गएर ‘मलाई जे गर्नु छ गर’ भनेर रुदाँ वडाले आश्रमसम्म पठाएको उहाँले जानकारी दिनुभयो । बस्नेतले ४२ वर्षको उमेर श्रीमान् गुमाएपछिको कहालिलाग्दो जीवन कुनैपनि छोरीले भौन्न नपरोस् भन्दै रुनुुहुन्छ । आफ्नो खुट्टामा नउभिएकाले नै श्रीमान् रहँदा राम्रो रहेको जीवनशैली श्रीमान्को मृत्युपछि बेवारिसे बन्न पुगेको उहाँले बताउनुभयो । उहाँलाई अहिले जीवनमा आफ्ना आफन्त र सम्पत्तिभन्दा पनि सीप र एक्लै बाँच्न सक्ने हिम्मत हुनु ठुलो कुरा लाग्ने गरेको बताउनुभयो । हरेक छोरीलाई गृहिणी होइन आफ्नो जिवन धान्न सक्ने सीप सिक्न उहाँ आश्रममा जाने महिलालाई अनुरोध गर्नुहुन्छ । युवा अवस्थामा भारतमा कमाएको रकम चोरी भएर सुरक्षित जीवन जीउने आशमा आश्रम आइपुग्नुभएका स्याङ्जाका खिना गिरीको अनुसाशित जीवनशैलीले गर्दा ९० वर्षमा पनि फुर्तिलो र निरोगी बनाएको छ । उहाँ पनि हेटौँडा–२ स्थित ॐ वृद्धाश्रममा बसेपनि छुट्टै पकाएर खानुहुन्छ त्यो पनि आफ्नै पौरखले । स्याङ्जाको वालिङ घर भएका गिरीले जग्गाजमिन कम भएको र खान नपुग्ने भएकाले धन कमाउन भारत गएको बताउनुभयो । भारतमा सडक बनाउने कामको ठेक्का गर्न थाल्नुभयो । राम्रो कमाई भएकाले त्यहीको एक युवतीसँग विवह गरी उत्तै बसेको उहाँले बताउनुभयो । विवाहको केही वर्षपछि श्रीमतीले छोडेर गएको गिरीले सुनाउनुभयो । त्यसपछि कमाउने, खाने र केही रकम बुढेसकाललाई जोगाउने गरेको उहाँले स्मरण गर्नुभयो । उहाँ ६५ वर्षको उमेर पछि भने उहाँ धाम घुम्ने र सादा जीवनशैलीमा रमाउने गर्न थाल्नुभयो । कहिले बृन्दावन र कहिले मथुरा धाम बस्ने क्रममा आफूसँग भएको रकम चोरी हुँदै गएपछि विरगञ्ज आएको गिरीले बताउनुभयो । त्यस समयमा त्यहाँ एक जना प्रहरीले बरु हेटौँडामा गएर आश्रममा बस्नु भनेर सुझाउदा आफु हेटौंडा आइपुगेको उहाँले बताउनुभयो । उहाँ आश्रमको खोजीमा हेटौँडा आइपुग्दा ॐ वृद्धाश्रम निर्माणाधीन रहेकाले तत्कालीन समयमा आफूसँग भएको पाँच लाख १८ हजार रुपैयाँ दिएर एउटा कोठामा बस्न थालेको गिरीले जानकारी दिनुभयो ।

पछि आश्रममा बसे पनि खानपानको व्यवस्था आफ्ना लागि आफैँले गरिरहेको उहाँको भनाइ छ । बिहान ३ बजे उठ्ने र बोट बिरुवामा पानी हाल्ने काम सकेर चोकतिर चियाका लागि निस्कने उहाँको दैनिकी नै हो । हेटौँडामा धेरै पण्डितसँग चिनजान भएकाले पूजापाठ र कर्महरुमा जाने अवसरसमेत मिल्ने गरेको गिरीले बताउनुभयो ।

पूजापाठ गरेर आएको अन्न र दक्षिणाले खानपानको व्यवस्थापन भइरहेको उहाँको भनाइ छ । बेलुका घाम रहँदैमा खाना खाने र सात बजे रेडियोको समाचार सकिएसँगै सुत्ने गिरीले अनुशासित जीवनयापन र स्वस्थ खानपानले शरीरमा रोग नलाग्ने अनुभव सुनाउनुभयो । ॐ वृद्धाश्रममा अहिले ४० देखी एक सय १० वर्षसम्मका नौ जना आमा र १४ जना बुवा आश्रित हुनुहुन्छ ।

# अङ्गदाताको प्रतिक्षामा मिर्गौला र कलेजोका बिरामी

**शरद् शर्मा**
**काठमाडौँ ।**

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा एक हजारभन्दा बढी बिरामी प्रत्यारोपणका लागि कुरेर बसेका छन् । दाताको पर्खाइमा एक हजारभन्दा बढी बिरामी मिर्गौला र कलेजो प्रत्यारोपण गर्नका लागि कुरेर बसिरहेका छन् । केन्द्रका निर्देशक डा पुकारचन्द्र श्रेष्ठले अङ्ग नपाएर एक हजार जना मिर्गौला र ५० जना कलेजो प्रत्यारोपणका लागि बिरामी कुरेर बसेको बताए । ‘मस्तिष्क मृत्यु भएपछि अङ्ग नपाएर ती बिरामीले अहिले कुरिरहेका छन्’ उने भने, ‘मस्तिष्क मृत्युपछि कसैले अङ्गदान गरे ती बिरामीको अङ्ग प्रत्यारोपण गर्न सकिन्छ ।’ उनका अनुसार ती बिरामी १० वर्षदेखि अङ्गदाताको प्रतीक्षामा कुरिरहेका छन् । मस्तिष्कले गर्ने सबै काम बन्द भए पनि शरीरका अन्य अङ्गले केही समय काम गरिरहेको हुुन्छ । मस्तिष्कले काम नगरेको अवस्थामा अन्य अङ्गले काम गरिरहेको अवस्थालाई मस्तिष्क मृत्यु भनिन्छ । सडक दुर्घटनामा परेर, रुखबाट लडेर या कुनै कारणले टाउकामा गम्भीर चोट लागेमा मस्तिष्कको मृत्यु हुन सक्छ । मस्तिष्क मृत्यु भएको मानिसले स्वयम्ले श्वास लिन सक्दैन र श्वासका लागि भेन्टिलेटरको आवश्यकता पर्दछ । भेन्टिलेटरको सहायताले श्वास लिए पनि नाडी, रक्तचाप एवम् जीवनका लक्षण रहिरहेका हुन्छन् । मस्तिष्क मृत्यु भएको व्यक्तिलाई चिकित्सा विज्ञानमा पूर्ण रुपमा मृत घोषित गरिन्छ । केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले प्रत्यारोपणका लागि कुरेर बसेको बिरामीलाई मस्तिष्क मृत्युबाट अङ्ग पाएको खण्डमा मापदण्डका आधारमा प्रत्यारोपण गर्ने बताए । ‘हजार जना मिर्गौला र ५० जना कलेजो कसले पाउँछ भनेर हामीले मापदण्ड बनाएका छौँ’ उनले भने, ‘त्यही मापदण्डका आधारमा मिर्गौला र कलेजो प्रत्यारोपण गर्छौँ ।’

**बढी अङ्क ल्याउनेको पालो पहिले**

उनका अनुसार मापदण्डअनुसार सबैभन्दा बढी अङ्क ल्याउनेको पहिले पालो आउने गर्दछ । मिर्गौला सबैभन्दा बढी अङ्क लामो समयसम्म कुर्ने बिरामी, त्यसपछिको अङ्क म्याचिङ राम्रो भएको, तेस्रो अङ्क अङ्गदाता र ग्रहणकर्ताबीचको उमेरको फरक (नजिकको उमेर) भएकालाई र चौथो महिलालाई अङ्क दिइन्छ । महिलाले पुरुषको तुलनामा तीन गुणा बढी अङ्क पाउँछन । ‘सबै पुरुषले महिलाको अङ्ग झिकेर प्रत्यारोपण गरेका हुन्छन् । धेरैजसो महिलाले अङ्ग दिने देखिएको छ । त्यसैले मस्तिष्क मृत्युबाट आएको अङ्ग महिलालाई तीन गुणा बढी दिने व्यवस्था मापदण्डमा रहेको छ’, उनले भने । मस्तिष्क मृत्युबाट अङ्ग केन्द्रमा उपलब्ध भएपछि सबैभन्दा बढी अङ्क ल्याउने बिरामीलाई बोलाएर अङ्ग प्रत्यारोपण गरिन्छ । उनले केन्द्रमा अहिलेसम्म पाँच जना मस्तिष्क मृत्युबाट १० जना बिरामीको मात्र अङ्ग प्रत्यारोपण भएको बताए । तीन जना कलेजो र सात जनाको मिर्गौला प्रत्यारोपण भएको छ । यस्तै केन्द्रमा अहिलेसम्म एक हजार २३८ जनाको मिर्गौला र २३ जनाको कलेजाको प्रत्यारोपण गरिएको छ । केन्द्रले मुलुकको दुई तिहाई बढी अङ्ग प्रत्यारोपण गर्ने गरेको कार्यकारी निर्देशक डा. श्रेष्ठले बताए । उनले मिर्गौला प्रत्यारोपण ९९ प्रतिशत र कलेजो ९० प्रतिशतभन्दा बढी सफलता रहेको छ । मिर्गौला प्रत्यारोपण पूर्ण रुपमा निःशुल्क हुने गर्दछ भने कलेजो प्रत्यारोपण विश्वकै सस्तो दरमा १५ देखि २० लाखमा गरिने केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले बताए । केन्द्रमा पहिलोपटक २०६९ मिर्गौला र नेपालमा सबैभन्दा कलेजो प्रत्यारोपण केन्द्रमा सन् २०१६ मा भएको हो । केन्द्रले कलेजो प्रत्यारोपण मुलुककै दक्ष चिकित्सकबाट गर्दै आइरहेको छ । ‘शुरु–शुरुमा विदेशी चिकित्सकको सहयोगमा कलेजो प्रत्यारोपण गरे पनि अहिले हामी आफै यहिका चिकित्सकबाट गर्न थालेका छौँ’, उनले भने, ‘कलेजो प्रत्यारोपण जोखिमपूर्ण रहेकोले हामी विदेशी चिकित्सकलाई पनि तयारी अवस्थामा राखेका हुन्छौँ ।’

मिर्गौला एक व्यक्तिबाट अर्को व्यक्तिमा झिकेर प्रत्यारोपण गर्ने भनेको कलेजो आधा काटेर प्रत्यारोपण गर्ने हो । उनका अनुसार कलेजो तीन महिनामा ९० प्रतिशत पलाउने गर्दछ । उनले कलेजो काटेर प्रत्यारोपण गर्न कार्य जटिल रहेकाले नेपालमा २५ वर्ष पहिल्यै कलेजो प्रत्यारोपण गर्न सफल भएको बताउँछन् । ‘हामी विश्वको तुलनामा २५ वर्ष अगाडि नै कलेजो प्रत्यारोषण गर्न सफल भएका हौँ’, उनले भने, ‘सरकारको सहयोग र चिकित्सकको मिहेनतले हामीले सोचेभन्दा अगाडि नै कलेजो प्रत्यारोपण गरयौँ ।’

मादकपदार्थ र भाइरल हेपाटाइटिस बी र सी तथा कमलपित्तको कारणले कलेजो बिग्रने, कसैले जन्मजात कलेजो बिग्रेको हुन्छ, त्यस्ता मानिसको कलेजो प्रत्यारोपण गर्नुपर्ने हुन्छ ।

**अङ्गदान जनचेतना आवश्यक**

अङ्गदान भएको पवित्र दान हो अर्थात महादान हो । कुनै जातजाति धर्ममा निषेध गरिएको छैन । तर मृत्युपछि खरानी भएर जाने अङ्गदानबारे जनचेतना जगाउन नसक्दा अङ्गदाता सोचेजस्तो भेटिएका छैनन् । शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन २०७२ अङ्गदान गर्न सकिने व्यवस्था गरेको छ । ऐनले बिरामीलाई तीन तरिकाले लिन÷दिन सक्ने व्यवस्था गरेको छ । पहिलो आफ्नो नजिकका ५२ नातेदार, दोस्रोमा दुवै तर्फबाट लिन÷दिन मिल्ने अवस्थामा र तेस्रो मस्तिष्क मृत्युबाट दानमा आएका मिर्गौलालाई अङ्गदान गर्न सकिने व्यवस्था गरिएको छ । हाम्रो शरीरमा दुई वटा मिर्गौला हुन्छ । ‘एउटा मिर्गौलाले हाम्रो शरीरलाई धान्ने गर्दछ । एउटा मिर्गौला भगवानले हामीलाई त्यतिकै थपदिएको हो’, कार्यकारी निर्देशक डा. श्रेष्ठले भने, ‘एउटा मिर्गौलाले हामीलाई पुग्छ दुई वटा मिर्गौला राखिराख्नु भन्ने आवश्यकता छैन । आवश्यक परेको बेला आफ्नो नातेदारलाई आँखा चिम्लेर दिए हुन्छ । त्यसो भए आफ्नो नातेदार पनि बाँच्न सक्नेछन् ।’ उनले जनचेतनाको कमीले अझै पनि मानिसहरुले अङ्गदान नगर्ने गरेको बताउँछन् । ‘मस्तिष्क मृत्युपछि मानिसको अङ्ग त्यतिकै जलेर खरानी भएर जान्छ’ उनले भने, ‘खेर जाने अङ्ग गाडेर वा जलेर खरानी हुने तर दान दिन किन नहुने ? एक जनाबाट आठ जनाको ज्यान जोगाउन सकिन्छ ।’



मिर्गौला दान लिनेहरु स्वस्थ हुने गरेको पाइएको उनको भनाइ छ । ‘मिर्गौला दान नदिनेभन्दा दिनेहरु झनै स्वस्थ्य भएका छन् । मिर्गौला दाताहरुले प्रत्येक वर्ष स्वास्थ्य परीक्षण गराउने गर्दछन्’, उनले भने, ‘दान नदिनेहरु मलाई के भएको छ र म स्वस्थ्य छु भनेर बस्ने गरेका छन् । मिर्गौला दाताको समस्या छ भने समयमा थाहा भएर उपचार हुने भयो । अर्को स्वास्थ्य व्यक्ति मलाई केही भएको छैन भनेर स्वास्थ्य परीक्षण पनि नगराउने र भित्रभित्र केही न केही समस्या देखिने गरेको छ ।’ उनले मृत्युपछि खराबी भएर जाने आठ वटा अङ्ग सबैले दान गरेर अरुलाई बचाउनुपर्ने बताउँछन् । दुई वटा मिर्गौला, मुटु, फोक्सो, कलेजो, सानो आन्द्रा, आँखा र प्यानक्रियाज मस्तिष्क मृत्युपछि अङ्गदान गर्न सकिन्छ । केन्द्रमा अहिलेसम्म दुई हजार ३०० भन्दा बढी व्यक्तिले मृत्युपछि अङ्गदान गर्ने भनेर मन्जुरीनाममा गरेका छन् । तीमध्ये हालका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड,’ नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा समेत रहेका छन् । केन्द्रले मुटु र फोक्सोको प्रत्यारोपण गर्नका लागि कानून बनाइसकेको छ । केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले मुटु र फोक्सोको प्रत्यारोपण गर्नका लागि चिकित्सकलाई तालिम, भवन निर्माण जस्ता कार्य गर्न बाँकी रहेको बताए ।

केन्द्रलाई पाँच सय शैय्या बनाएर १५०÷१५० शैय्या मुटु र कलेजोलाई, दुई सय शैय्या मिर्गौला लाई बनाउनुपर्दछ । मुटु, फोक्सो, प्यानक्रियाज र सानो आन्द्राको प्रत्यारोषण मस्तिष्क मृत्यु भएका मानिसबाट निकालेर गरिन्छ । मस्तिष्क मृत्यु हुने बित्तिकै ती अङ्ग निकालेर प्रत्यारोपण गर्नुपर्ने हुन्छ । मिर्गौला २४ घण्टाभित्र, कलेजो र प्याक्रियाज् १० देखि १२ घण्टाभित्र, मुटु र फोक्सो चारदेखि छ घण्टाभित्र प्रत्यारोपण गरिसक्नुपर्ने हुन्छ । यस्तै केन्द्रले सात वटा प्रदेशमा प्रत्यारोपण विस्तार गर्ने तयारीसमेत गरेको कार्यकारी निर्देशक डा श्रेष्ठले जानकारी दिए । अहिले पोखरा र सुर्खेत प्रत्यारोपण सुरु गरिसकेको छ । हेटौँडा, धनगढी, विराटनगर, वीरगंजमा प्रत्यारोपण गर्नका लागि सम्झौता भइसकेको र चाँडै नै प्रत्यारोपण गर्ने उनको भनाइ छ ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले CHINA बाट पैठारी गरेका देहायको माल बस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्व साधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

| सि.नं. | मालवस्तुको विवरण | आकार ⁄ प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AIR CONDITIONER | | VELTECH | JMAC12K2024 | 1 TON | CHINA | SET | NPR | 44,000.00 | |
| 2. | AIR CONDITIONER | | VELTECH | JMAC12K2024 INVERTER TYPE | 1 TON | CHINA | SET | NPR | 50,000.00 | |
| 4. | AIR CONDITIONER | | VELTECH | JMAC18K2024 INVERTER TYPE | 1.5 TON | CHINA | SET | NPR | 68,000.00 | |

विक्रेता फर्मको नाम : कामख्या ट्रेडिङ्ग कम्पनी प्रा. लि.
ठेगाना : त्रियुगा नगरपालिका, गाइघाट–११
स्थायी लेखा नं. 610079247
फोन 9801550333

# बर्खास्तबाट जोगिए उपेन्द्र

**मधेशदेष्टि**
**जनकपुरधाम ।**
सरकारका उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवलाई बर्खास्त गर्न प्रधानमन्त्रीमाथि दबाब परेको छ ।

यद्यपि आइतबार नै जनता समाजवादी पार्टी नेपालले सरकारबाट समर्थन फिर्ता लिने निर्णय गरेपछि उनी बर्खास्त हुनबाट जोगिएका छन् । सरकारबाट फिर्ता हुने निर्णय भनेर औपचारिकरुपमा सोमबार गर्ने तयारी छ ।

नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले गठबन्धनबाट यादवलाई हटाउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई दबाब दिएका थिए । जसपा नेपाल विभाजनपछि उपेन्द्र यादवको आवश्यकता नभएकाले गठबन्धनबाट हटाउन अध्यक्ष ओलीले दबाब दिएका हुन् । आइतबार मधेश प्रदेश सरकारबाट एमाले र माओवादी हटेपछि प्रदेश सरकारमा पनि अल्पमतमा परेको जसपा नेपाललाई केन्द्र सरकारमा पनि हटाउन दबाब परेको हो । स्रोतका अनुसार, नवलकिशोर साह सुडी या रञ्जिता श्रेष्ठमध्ये एकजना नयाँ स्वास्थ्यमन्त्री बनाउने तयारी छ । एमाले स्वास्थ्य मन्त्रालयमा आफ्ना अनुकुलका मन्त्री ल्याउन प्रधानमन्त्रीलाई अर्को दबाब दिइरहेको छ । रञ्जिता श्रेष्ठ स्वास्थ्यमन्त्री बनेपछि सुदूरपश्चिमको नेकपा एसको सरकार पनि संकटमा पर्ने निश्चित छ ।

# सुरक्षागार्डको हत्यामा संलग्न पक्राउ



**मधेशद्दष्टि**
**राजविराज ।**
सप्तरीको सप्तकोशी नगरपालिका–१, फत्तेपुर स्थित नेपाल बैंकमा कार्यरत सुरक्षागार्ड पर्शुराम फुँयालको हत्यामा संलग्न भएको आरोपमा पक्राउ परेका एक जनालाई सप्तरी प्रहरीले सार्वजनिक गरेको छ । प्रहरीले आइतबार पत्रकार सम्मेलन मार्फत बैकको फत्तेपुर शाखामा कार्यरत सुरक्षा गार्डलाई धारिलो हतियार प्रहार गरी हत्या फरार रहेका सप्तकोशी नगरपालिका वडा नम्बर .५ वस्ने ३२ वर्षीय चन्द्र बहादुर सुवेदीलाई सार्वजनिक गरेको हो । चितवनको राप्ती नगरपालिका वडा नम्बर १ लोथर बाट प्रहरीले शनिबार उनलाई पक्राउ गरी सप्तरी ल्याएको थियो । वैशाख २७ गते बैंकको शाखामा लुटपाट गर्ने उद्देश्यले बैंक भित्र प्रवेश गरी सुरक्षार्थ रहेका सुरक्षा गार्ड ५५ वर्षीय फुँयाललाई खुकुरीले प्रहार गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गजुसिद्धी बज्राचार्यले जानकारी दिए ।

हत्यामा संलग्न उनकै नातेदार भित्र रहेका सुवेदी सुरक्षागार्डको हत्या गरी लुकी छिपी चितवनको राप्ती नगरपालिका –१ लोथरमा बस्दै आएका थिए । सुवेदीले २७ वैशाखको बिहान करिव साढे ३ बजे खुकुरीले हानेर फुँयालको हत्या गरेको बैंकको सिसिटिभी फुटेजमा देखिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार मधेश प्रदेश प्रहरी कार्यालयबाट खटिएको तालिम प्राप्त कुकुरसहितको प्राविधिक सहयोग र अनुसन्धान टोली तथा जिल्ला प्रहरी कार्यालय सप्तरी समेतको सयुक्त अनुसन्धान टोलीले बैंकमा रहेको सिसिटिभी फुटेजको अध्ययन विश्लेशन गरी घटनामा संलग्न रहेका सुवेदीलाई चितवन प्रहरीको सहयोगमा पक्राउ गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो । पक्राउ परेका सुवेदीका साथबाट घटनामा प्रयोग भएको खुकुरी, झोला, घटनाको समयमा लगाएको जुत्ता, पन्जा, सेन्डो, टोपी, सल, घटनमा प्रयोग भएको हेक्सो बलेड, रिन्च, पिलास, डोरी, रड र घटनास्थलमा प्रयोग गरेको काठ समेत बरामद गरेको छ । प्रहरीका अनुसार अभियुक्त सुवेदी सशस्त्र प्रहरीमा नौ वर्ष जागिर गरेर छोडेका थिए । बेरोजगारी र ऋणको चपेटामा रहेको उनले घट्ना भन्दा पाँच दिन अघि बैंकमा प्रवेश गरी लुटपाटको योजना बनाएको अनुसन्धानबाट खुलेको छ । घट्नामा संलग्न अभियुक्तबारे थप अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता ढुण्डिराज न्यौपानेले जानकारी दिए । सशस्त्र प्रहरीमा कार्यरत सुवेदीले ०७९ मै जागिरबाट राजीनामा दिएको पाईएको छ । स्थानीयका अनुसार ऋणमा चुर्लुम्मै डुबेका सुवेदीले पैसा फिर्ता गर्न नसकेपछि मानसिक रुपमा विछिप्त हुँदै गएका उनी घरमा बस्ने, झोक्राउने र छरछिमेकमा पनि खुलेर कुराकानी गर्न छोडेका थिए । उनले अर्को कुनै उपाय नदेखेपछि बैंक लुटेर ऋण तिर्ने योजना बनाएको हुनसक्ने प्रहरीको पनि अनुमान छ । तर, यो विषय अनुसन्धान गर्न बाँकी नै रहेको डीएसपी नेपालको भनाई छ । प्रहरीका अनुसार सुवेदी मृतक फुँयालका कान्छो ज्वाई तर्फका नातेदार (ज्वाईँ) हुन् । सप्तकोशी नगरपालिका–२, सिद्धिपुरका फुयाल बिहीबार बिहान बैंकमै मृत फेला परेका थिए । नेपाली सेनाबाट सेवा निवृत्त भएपछि उनी विगत ८ वर्षदेखि निरन्तर सुरक्षा गार्डको रुपमा कार्यरत थिए । उनका श्रीमती २ छोरा र २ छोरी छन् । उनको शनिबार बिहान सप्तकोशी नगरपालिका–१ स्थित त्रियुगा आर्यघाटमा दाहसंस्कार गरिएको छ ।

# ८० लाख लुट्ने दुई नियन्त्रणमा



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
जनकपुरबाट सहकारीको ८० लाख रुपैयाँ लुट्ने दुईजना पक्राउ परेका छन् ।

प्रहरीले लुटपाटमा संलग्न आशंकामा जनक महतो र श्रवण कापरलाई पक्राउ गरेको हो । दुवैजनालाई जनकपुरबाट प्रहरीले पक्राउ गरेको बताएको छ । उनीहरुबाट लुटिएकोमध्ये १४ लाख ५३ हजार रुपैयाँ रकम पनि बरामद भएको छ ।

वैशाख ४ गते धनुषाको सबैला–१२, रघुनाथपुरस्थित शुभश्री बचत तथा ऋण सहकारीका कर्मचारी वीरेन्द्रकुमार महतो जनकपुरको हिमालय बैंकबाट ८० लाख रकम निकालेर गइरहँदा लुटिएका थिए । मोटरसाइकलमा आएका दुईजना हतियारधारीले जनकपुरधाम–१९, थुमौनामा पेस्तोल देखाएर ८० लाख लुटपाट भएको थियो ।

# एमाले परित्याग गरी आजपामा प्रवेश



**मधेशद्दष्टि**
**वीरगंज ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) परित्याग गरी डा. नवलकिशोर साह आम जनता पार्टी (आजपा)मा प्रवेश गरेका छन् ।

एमाले सर्लाही जिल्ला कमिटी सदस्य डा.साहलाई आजपा अध्यक्ष प्रभु साहले टिका तथा खादा लगाएर पार्टीमा प्रवेश गराएका हुन् ।

आजपा केन्द्रीय कार्यालय कोटेश्वरमा आइतबार आयोजित एक कार्यक्रमका बीच डा. साहलाई पार्टीमा प्रवेश गराउँदै आजपा अध्यक्ष साहले देशको विकासका लागि अहिलेको व्यवस्था परिवर्तन हुनु पर्ने बताए । अहिलेको राजनीतिक व्यवस्थाका कारण देश अस्थिरता आएको बताउँदै उनले समृद्ध नेपाल निर्माणका लागि अहिलेको व्यवस्था परिवर्तन हुनुपर्ने बताए । बेरोजगारी, भ्रष्टाचार बढेको र अनियमितताले मुलुकको अवस्था ठिक नभएको बताउँदै उनले भ्रष्टाचारीहरुलाई कडा भन्दा कडा कारवाही गर्नुपर्ने बताए । भ्रष्टाचारी जुनसुकै राजनीतिक दल, समुदाय, क्षेत्रको भए पनि त्यसलाई कडा कारवाही गर्नुपर्ने साहले बताए । 'तपाई हामी सबैलाई थाहा छ, रोजगारका लागि अहिले युवाहरु विदेश गईरहेका छन् । यहाँको व्यवस्था ठिक छैन् । राजनीतिक अस्थिरताले सबै क्षेत्र विग्रेको छ । अहिलेको व्यवस्था नबदलिएसम्म केही ठिक हुनेवाला छैन्' आजपा अध्यक्ष साहले भने, 'भ्रष्टाचार बढेको छ, अनियमितता बढेको छ । कुशासन, व्यथितिले समृद्ध नेपाल बनाउँने हाम्रो चाहना र सपाना पुरा हुन सकिरहेको छैन् ।'

पछिल्लो समय आजपा भ्रष्टाचार, कुशासन, अनियमितता तथा लुटतन्त्रकोबिरुद्धमा संघर्षका कार्यक्रम गर्दै आएको छ । संघीय राजधानी काठमाडौं सहित देशैभरी आजपाले संघर्ष गरिरहेको छ । आजपाले विद्यार्थी अनुपात एवम् बिषयगत, तहगत शिक्षकको व्यवस्था हुनुपर्ने माग गर्दै मधेश प्रदेशमा आन्दोलन गरिरहेको छ ।

शनिबार काठमाडौँमा आयोजित एक कार्यक्रमका बीच एमाले परित्याग गरी मोरङ जिल्ला कमिटीका सदस्य एवम् एमाले निकटको निर्माण व्यवसायी महासंघका केन्द्रीय उपमहासचिव केदार रिजाल, एमाले मोरङ जिल्ला कमिटी एवम् अनेमसंघका नेतृ सरस्वती खरेल रिजालले आजपामा प्रवेश गरेका थिए ।

## झरीमा भिज्दै आजपाद्वारा भन्सार विभाग घेराउ



आम जनता पार्टी (आजपा) निकटको आम सम्पर्क मञ्चले विभिन्न माग गर्दै काठमाडौँ स्थित भन्सार विभाग घेराउ तथा धर्ना दिएको छ । वर्षाको झरीमा पनि आन्दोलनकारीले आइतबार १० औँ दिन पनि भन्सार विभाग घेराउ तथा धर्ना कार्यक्रम जारी राखेका छन् । भन्सार कानुनमा रहेको ४५ प्रतिशत पुस्कारको व्यवस्था खारेज गर्नुपर्ने लगायतका माग गर्दै आजपाले विगत सात महिनादेखी आन्दोलन गर्दै आएको छ । पछिल्लो समय चौथो चरणको आन्दोलन अन्तरगत आजपाले गत २० बैशाखदेखी भन्सार विभाग घेराउ तथा धर्ना दिदै आएको आजपा नेतृ एवम् भन्सार कानुन सुधार संघर्ष समितिका संयोजक रन्जु साहले जनाएकी छन् । मञ्चका उपाध्यक्ष देवेन्द्र ठाकुरले आफूहरुको माग सम्बोधन नभएसम्म आन्दोलन जारी रहने चेतावनी दिएका छन् । भन्सार नियमावलीमा रहेको परिच्छेद–१० को पुरस्कार सम्बन्धि सम्पूर्ण प्रावधान हटाउनुपर्ने, कर कानुन, राजस्व कानुन र भन्सार कानुनमा एकरुपता ल्याउन भन्सार नियमावलीबाट अनावश्यक प्रावधान हटाउनुपर्ने, भन्सार महशुल नबुझाएकै कारण निजि सम्पति जफत गर्ने व्यवस्थाको सट्टा भन्सार नबुझाएमा उचित दण्डको व्यवस्था गर्नुपर्ने माग आजपाको छ । यस्तै प्रत्येक व्यापारिक नाकाहरुमा भन्सार कार्यालय स्थापना तथा स्तरवृद्धि गर्नुपर्ने, घरायसी प्रयोजन र व्यापारिक प्रयोजनका वस्तुहरुको पहिचानको स्पष्ट व्यवस्था गरी घरायसी प्रयोजनको लागि ल्याइने उपयोग्य वस्तुहरुमा कुनै भन्सार कर नलाग्ने व्यवस्था गर्नुपर्ने, भन्सारबाट उठेको राजस्व रकमको २५ प्रतिशत सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत सिमासंग जोडिएका पालिकाहरुलाई दिने व्यवस्था गर्नुपर्ने लगायतका माग आजपाको छ ।

# 'मधेशमा शिक्षा र स्वास्थ्यको अवस्था सुधार आवश्यक'

**मधेशद्दष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री प्रमोद जैसवालले मधेशमा शिक्षा र स्वास्थ्यको अवस्था कमजोर रहेको हुँदा यसलाई माथि उकास्न तीनै तहको सरकारबीच सहकार्यको आवश्यकता रहेकोमा जोड दिएका छन् ।

'मेरो स्वास्थ्य मेरो जिम्मेवारी' भन्ने मुल नाराका साथ स्वस्थ जीवनको लागि र नसर्ने रोगबाट बच्ने उद्देश्यले पर्साको सखुवाप्रसौनी गाउँपालिका वडा नम्बर ५ महुवनमा स्थापित नागरिक आरोग्य सेवा केन्द्रको आइतबार एक कार्यक्रमकाबीच उद्धाटन गर्दै स्वास्थ्य सेवालाई सर्वसाधारण तथा विपन्न नागरिकको पहुचमा पुर्याउन मधेश सरकार लागि परेको बताए ।

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय वीरगंज पर्साका प्रमुख डा शिवनारायण प्रसाद गुप्ताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सखुवाप्रसौनी गाउँपालिकाका पूर्व अध्यक्ष प्रदिप जयसवाल, गाउँपालिकाकी उपाध्यक्ष सर्मिला महतो, मुन्ना गुप्ता, चिरञ्जीवी महतो थारु, विरेन्द्र यादवलगायतको उपस्थिति रहेको थियो ।

# आश्रमका लागि गोप्य दान

**मधेशद्दष्टि**
**वीरगंज ।**
आमाको माया छात्रावासमा आश्रय लिएका बालबालिकाहरुको लागि एक दानवीरले २ लाख ८८ हजार रुपैयाँ गोप्य दान गरेका छन् । आमाको माया छात्रावासका अध्यक्ष भंवर लाल पारिकले एक दानवीरले फोन गरेर एक महिनाको छात्रावासमा बस्ने बालबालिकाहरुको लागि लाग्ने खर्च व्यहोर्ने बताएपछि आफूले २४÷२५ हजार लाग्ने जानकारी दिएकोमा दाताले २ लाख ८८ हजार पठाएको बताए । अहिले बिरामीलाई अस्पतालमा फलफुल दिएर फोटो खिची भाईरल हुनेहरुको जमानामा २४÷२५ हजार रुपैयाँ खर्च लाग्ने बताउँदा २ लाख ८८ हजार रुपैयाँ दान गरी पुण्य प्राप्त गर्ने व्यक्तिहरु समेत समाजमा रहेको भन्दै पारिकले खुशी व्यक्त गरे ।

# छात्रालाई बलात्कार गरेको आरोपमा धर्मगुरु समातिए



**मधेशद्दष्टि**
**वीरगंज ।**
उत्तर प्रदेशको गाजियाबादमा प्रहरीले एकजना धर्मगुरुलाई बलात्कार गरेको आरोपमा पक्राउ गरेको छ । एक युवतीसँगको अश्लील भिडिओ सोशल मिडियामा भाईरल भएपछि यूपी प्रहरीले उनलाइलाई पक्राउ गरेको हो ।

यस घटनाको बारेमा पुलिस उपायुक्त (ग्रामीण) विवेक चंद्र यादवले भने, 'बलात्कारको घटना दुईवर्ष अघि भएको थियो जब उक्त युवती जÞब्बार नाम गरेको मौलवीसँग क्लास लिन गएकी थिइन् ।

आरोपीले युवतीको केही भिडिओ बनाएको थियो र त्यही भिडिओ देखाएर आफूसँग सम्बन्ध बनाउन युवतीमाथि दबाव दिइरहेको थियो ।' प्रहरी अधिकारीले सूचनाको आधारमा जÞब्बारकोबिरुद्ध आईपीसीको धारा ३७६ (बलात्कार) र आपराधिक धम्की (५०६) को अनुसार जाहेरी दर्ता गरिएको र पक्राउ गरिएको बताएको छ ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन